# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राप्ती गाउँपालिका
## दाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रासी गाउँपालिका

## दाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राप्ती गाउँपालिका

दाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेष्ठ — महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ९२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

राप्ती गाउँपालिका, राप्ती गाउँ कार्यपालिकाको कार्यालय,

दांङ ।

१. **कैफियत सहितको राय —** हामीले राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस राप्ती गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. राप्ती गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ४८ लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ८० लाख ६१ हजार फस्यौंट र रु.२१ लाख ५३ हजार थप भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ८ लाख १० हजार, नियमित गर्नुपर्ने रु. ४ करोड २३ लाख ८७ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.५७ लाख ५५ हजार समेत गरी यस वर्ष रु.४ करोड ८९ लाख ५२ हजार बेरुजू कायम रहेको छ । राप्ती गाउँपालिकाको गतवर्ष सम्म रु.२१ करोड १९ लाख ५९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२६ करोड ९ लाख ११ हजार रहेको छ ।राप्ती गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने राप्ती गाउँपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी राप्ती गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

रासी गाउँपालिका,

दांङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १७६ | ५३ | ५४८६० | ० | १२ | ८०६१ | २१५३ | १७६ | ४१ | ४८९५२ | ८१० | ४२३८७ | ५७५५ | ० | ० | ४८१४२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रासी गाउँपालिका, दांङ | २११९५९ | ० | ० | २११९५९ | ० | ४८९५२ | २६०९११ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | | - | ८०६१ |
| २ | गत विगत वर्षको | नभएको | - | - |
| | कुल जम्मा | - | - | ८०६१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राप्ती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रासी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १६१.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा २१४८४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२२ देखि २०८०।९।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ गरी जम्मा रु.१८३९०८२५८८.४१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसार असुली भएको छ ।

| सि.नं. | लेखापरीक्षणको क्रममा असुली विवरण | रकम रु | रसिद दाखिला मिति |
|---|---|---|---|
| १ | ठेक्का नं ११।०७८।७९ १५ मुल्य अ कर समायोजन भुक्तानी १२ | ११८६७४७३ | कट्टी र |

| | | | |
|---|---|---|---|
| | औं रनिंग विलबाट रु ५८७८३८५।०० र IPC ७ देखि १२ सम्मको<br>मूल्यसमायोजन भुक्तानी नभई कट्टी रु ५९८९०८७।०० | | विलमा समायोजन |
| २ | मान बहादुर जि सीको महंगी भत्ता | २२००० | १३५४।०८०।१०।२९ |
| ३ | ४ जना कर्मचारीको पारिश्रमिक कर | ८५०७ | २०८०।१०।२८ |
| ४ | १३ जनाको बैठक भत्ता असुल | ५६९५० | २०८०।१०।२६ र २८ |
| ५ | ५ शिक्षकको असुल | १४१५०० | २०८०।१०।२९ |
| ६ | छविलाल कडेलको रु२५०००।०० र मा वि रुपाकोटको रु७५०० | ३२५०० | २०८०।१०।२९ र ११।१ |
| ७ | पदाधिकारी बढी सुविधा भुक्तानी १ जना | १०५०० | २०८०।१०।२६ |
| ८ | ९ विद्यालयको निशुल्क पाठ्यपुस्तक बढी निकासा | ७९७०९ | २०८०।१०।२९ र ११।२ |
| ९ | ३ विद्यालयको दिवा खाजा बढी निकासा | ३२५९४ | २०८०।१०।२९ र ११।२ |
| १० | ४ विद्यालयको छात्रवृति बढी निकासा | ३४००० | २०८०।१०।२९ र ११।२ |
| ११ | ६ वटा कृषक समूहको अग्रिम कर कट्टी दाखिला | ३६७९७ | २०८०।१०।२९ र ११।२ |
| १२ | १५ जनाको अनुगमन बैठक भत्ता विभिन्न पटकको असुली | १३३४५० | २०८०।१०।२९ |
| १३ | पारिश्रमिक कर असुली | २४१७८ | २०८०।९।२५ |
| १४ | कर कट्टी दाखिला | ९१२५८३ | २०८०।११।१ |
| | जम्मा | १३३९२७४१ | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको सम्बन्धमा निम्न अनुसार देखिएको छः

२.१ **सुत्र अनुसार आय व्यय -** पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२अनुसारको प्राप्ति भुक्तानी हिसाब देहायनुसारको पेश भएको छ ।

| विवरण | बजेट रु. | प्राप्ति र भुक्तानी रु. |
|---|---|---|
| प्राप्ती (क+ख) | ७४१४७४००० | ६०४०३५१२०.४७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७२२८७४००० | ५८६०६७२४४.५४ |

| | | |
|---|---|---|
| ११००० कर | १३१७३२००० | ९९९२७४४८.५८ |
| १३००० अनुदान | ४९५१४७००० | ४६१४०९४७४.३७ |
| संघीय सरकार | ४२७०४०००० | ३९८२९५६९३.९४ |
| प्रदेश सरकार | ६८००७००० | ६३११३७८०.४३ |
| अन्तरिक श्रोत | १००००० | ० |
| १४००० अन्य राजस्व | २५२९५००० | २३९५४१७५.५९ |
| १५००० विविध प्राप्ति | २००००० | ७७६१४६ |
| ३२००० वित्तीय सम्पत्ति | ७०५००००० | ० |
| ख. अन्य प्राप्ति | १८६००००० | १७९६७८७५.९३ |
| वितरण गर्न बाकी राजस्व | ० | ० |
| कोषहरु | १८६००००० | ५६६२३२६.८९ |
| धरौटी | ० | १२३०५५४९.०४ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |
| भुक्तानी (ग+घ) | ७४१४७४००० | ६३४७१८७८८.७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७२२८७४००० | ६२७२५१०४७.१५ |
| २१००० पारिश्रमिक / सुविधा | १७०६९६००९ | १६२३३३५११.४८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २४८३६५३७१ | १९८०९६८५५.०८ |
| २५००० सहायता ( Subsidy) | ३१७०९००० | २९६६४७४७.५ |
| २६००० अनुदान | ५००००० | ० |
| २७००० सामाजिक सुरक्षा | १९७१९००० | १४५६९९६१.४५ |
| २८००० अन्य खर्च | ५९४६००० | २२६४७२७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २४५९३८६२० | २२०३२१२४४.६४ |
| घ. अन्य भूक्तानी | १८६००००० | ७४६७७४१.५५ |
| कोषहरु | १८६००००० | ३८८०९६२ |
| धरौटी | ० | ४४९९३६३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |

| | | |
|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -९१२५८३.४५ |
| ङ. यो वर्षको बचत (न्युन) | | -३०६८३६६८.२३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८९९०५५८२.७३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५९२२१९१४.५ |
| बैंक तथा नगद बाकी | | ५४६१०६५८.८९ |

२.२ **एकीकृत आय व्यय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| गत वर्षको जिम्मेवारी | | ९६७९६३४३.९२ | चालु खर्च | ४०६९२९८०२.५ | ४०६९२९८०२.५ |
| क) नगद | | | पूँजीगत खर्च | २२०३२१२४४.६ | २२०३२१२४४.६ |
| ख) बैंक | ९६७९६३४३.९२ | ९६७९६३४३.९२ | वित्तीय व्यवस्था भुक्तानी | | |
| राजस्व (आन्तरिक आय) | | १३१९०२५७०.८ | क) ऋण भुक्तानी | | |
| क) आन्तरिक राजस्व | ३४७२६९६४.०७ | | ख) ब्याज भुक्तानी | | |
| ख) राजस्व बाँडफाँड संघ प्रदेश | ९४९२२१०६.७१ | | ग) अन्य भुक्तानी निकासा फिर्ता | १९५२१३७३.७१ | १९५२१३७३.७१ |
| ख) राजस्व बाँडफाँड स्थानीय | २२५३५०० | | | | |
| ग) अन्य आय | | | लगानी | | |
| वित्तीय हस्तान्तरण | | ४०६३६३३४२.५ | ऋण लगानी | | |
| क) वित्तीय समानीकरण अनुदान | १३७८२५००० | | शेयर लगानी | | |
| ख) सशर्त अनुदान | २५३५६१८८७.५ | | अन्य लगानी | | |
| ग) समपूरक अनुदान | ५०००००० | | धरौटी फिर्ता | ४४९९३६३ | ४४९९३६३ |
| घ) विशेष अनुदान | ९९७६४५५ | | कोष खर्च प्रकोप | २५२२८८० | २५२२८८० |
| | | | कोष खर्च विविध | २३१६६७३.८८ | २३१६६७३.८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ग२७ | | |
| | | | कोष खर्च विविध मर्मत | ४५७२८५ | ४५७२८५ |
| | | | अन्तर सरकारी | २८२४८३१६६.५ | २८२४८३१६६.५ |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६६७२३२११ | मौज्दात | | |
| क) वित्तीय समानीकरण अनुदान | ८२०७००० | | क) नगद मौज्दात | | |
| ख) सशर्त अनुदान | १२०००००० | | ख) बैंक मौज्दात | | ५७७७५३५३.९१ |
| ग) समपूरक अनुदान | १४७१६२११ | | चालु खर्च | ० | ० |
| घ) विशेष अनुदान | ३१८००००० | | पूजिगत खर्च | ० | ० |
| अन्तर सरकारी | २८२४८३१६६ | २८२४८३१६६.५ | संचित कोष | २९७७६०२२.११ | |
| वित्तीय व्यवस्था प्राप्ति | | | मर्मत सम्भार कोष/कल्याणकोष | ६३४४४३० | |
| क) ऋण प्राप्ति | | | प्रकोप व्यवस्थापन | १७९४९२५.०३ | |
| ख) साँवा प्राप्ति | | | | | |
| ग) ब्याज प्राप्ति | | | धरौटी | १९८२६५००.०४ | |
| घ) अन्य प्राप्ति | | | बिबिध | ३१८१०.७३ | |
| विभिन्न कोषतर्फको आय | २५२९५९.४१ | २५२९५९.४१ | आन्तरिक राजश्व | १६६६ | |
| धरौंटी आय | १२३०५५४९.०४ | १२३०५५४९.०४ | | | |
| जम्मा | | ९९६८२७१४३.१ | जम्मा | | ९९६८२७१४३.१ |

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले देहाय बमोजिमका आर्थिक कारोवारको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | १५८९५२३६८ | १५४४४०१३१ |

| | | |
|---|---|---|
| एकीकृत स्वास्थ्य पूर्वाधार | १२८४९१००० | १११९२१६२२.५ |
| प्रादेसिक अस्पताल सुदृढीकरण कार्यक्रम | ९२००००० | ७६७५५१३ |
| भाषा संस्कृत कार्यक्रम | ७५००००० | ६९४५९०० |
| महामारी रोग नियन्त्रण कार्यक्रम | १०००००० | १०००००० |
| भाषा तथा संस्कृति कार्यक्रम | ५००००० | ५००००० |
| जम्मा | ३०५६४३३६८ | २८२४८३१६६.५ |

२.४ **सुत्रको प्राप्ति भुक्तानी र एकिकृत वित्तीय विवरण—**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसारफरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ९६७९६३४३.९२ | ९०००३०७९९.२ | ९३९०५१७८९.१९ | ५७७७५३५३.९१ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८९९०५५८२.७३ | ६०४०३५१२०.४७ | ६३४७१८७८८.७ | ५४६१०६५८.८९ |
| फरक | ६८९०७६१.१९ | २९५९९५६७८.७ | ३०४३३३०००.५ | ३१६४६९५.०२ |

उल्लेखित विवरण अनुसार स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र पालिकाबाट बाट पेश भएको एकीकृत आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी रु. ६८९०७६१.१९ र बैंक मौज्दातमा रु. ३१६४६९५.०२ फरक परेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । यससम्बन्धमा पालिकाले महालेखानियन्त्रक कार्यालयबाट आर्थिक वर्ष २०७९।८० को हिसाब मिलान गर्दा मलेप २७० तयार गरी सोही अनुसार समायोजन गरेको जनाएको छ । सुत्रको अनुसूची २४ मा बैंक मौजदात रु.५७७७५३५३.९१ नै देखिन्छ ।

२.५ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार फरक परेकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | १,६६६.०० | १,६६६.०० |

| | | |
|---|---|---|
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ९११२८५६.०७ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ६००००० | ५०७२३३९.५९ |
| ग २.७, विविध खर्च खाता | ३१,८१०.७३ | ३१,८१०.७३ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १९८२६५००.०४ | १९८२६५००.०४ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २९८४९६०९.७ | १५५९०८२६.४५ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ५७४४४३० | ६३४४४३० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७०३१०९.०३ | १७९४९२५.०३ |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | -३१४६४६६.६१ | |
| जम्मा | ५४६१०६५८.८९ | ५७७७५३५३.९१ |

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।
- कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन।

---

३ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा संघ तर्फको रु.१२१६७६४८.५६ र प्रदेश तर्फको रु. ३६०९४३०.५७ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९-०३-३० मा फिर्ता गरेको छ । पालिकाले अनुदान रकमको उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | बाँकी रकम | निकासा फिर्ता |
|---|---|---|---|---|---|
| नेपाल सरकार | शसर्तअनुदानचालु | १९५९७५७५० | १८७३१४८२२ | ८६६०९२८ | ८६६०९२८ |
| | शसर्तअनुदानपुँजीगत | ५७५८९१३८ | ५५०४७२१७ | २५४१९२० | २५४१९२० |
| | विषेशअनुदान पुँजीगत | ९९७६४५५ | ९९४९१५५ | २७३०० | २७३०० |
| | समपुरक अनुदान पुँजीगत | ५०००००० | ४०६२५०० | ९३७५०० | ९३७५०० |
| | जम्मा | २६८५४१३४३ | २५६३७३६९४ | १२१६७६४९ | १२१६७६४९ |
| लुम्बिनी प्रदेश | शसर्त अनुदानपुँजीगत | १२०००००० | ९०३४५६९ | २९६५४३१ | २९६५४३१ |
| | विषेश अनुदान पुँजीगत | ३१८००००० | ३११५६००० | ६४४००० | ६४४००० |
| | समपुरक अनुदान पुँजीगत | १४७१६२११ | १४७१६२११ | ० | ० |
| | जम्मा | ५८५१६२११ | ५४९०६७८० | ३६०९४३१ | ३६०९४३१ |
| | कुल जम्मा | ३२७०५७५५४ | ३११२८०४७४ | १५७७७०७९ | १५७७७०७९ |

४ **आन्तरिक नियन्त्रण प्रणाली -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा अध्यावधिक

नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको पाईयो ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अदयावधिक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म.ले.प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राखुपर्दछ ।

- म. ले. प. फाराम ८०१ - बेरुजु लगत
- म. ले. प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन
- म. ले. प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख

४.३ **सूचना प्रविधी पद्दति -** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले.प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले.प. फाराम ९०३ मा राखुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।
- फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

४.४ **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.५ **पालिकाको मेसिन प्रयोगको आम्दानी र खर्च अभिलेख -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकाको स्वामित्वमा रहेको विभिन्न मेशिनरी साधनहरु विभिन्न योजनाका लागि भाडामा लगाउने गरेकोमा सोको आम्दानी अभिलेख नराखेको तथा खर्च अभिलेख समेत नराखेको देखिएकोले यस सम्बन्धमा आम्दानी तथा खर्चको अभिलेख राख्नुपर्दछ ।

५ **धरौटी अभिलेख -** पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नु पर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपिन सुत्र सफ्टवेयर लागु हुनुभन्दा अधिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तिय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन ।

६ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २६ वटा ऐन, ४ वटा नियमावली, ३३ वटा कार्यविधि, ९ निर्देशिका र १० नर्म्स लगायत ८२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष भएका पालिकाबाट व्यक्तिगत घटना दर्ताको विवरण पेश गरेको छैन । सडक निर्माण तर्फ कालोपत्रे सडक निर्माण ४.५६ कि.मि, ग्राभेल सडक निर्माण ९.६८ कि.मि निर्माण र कच्ची सडक निर्माण १०.६७ कि.मी भएको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह सन्तोष जनक देखिएन ।

७ **कानून र निर्देशिका निर्माण र कार्यान्वयन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

७.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ४ वटा नियमावली, ३३ वटा कार्यविधि, ९ निर्देशिका र १० नर्म्स लगायत ८२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

७.२ **निर्देशिका तथा मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

**न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको ४० गरी कुल ५१ विवाद दर्ता भएकोमा ४३ वटा फछ्र्यौट भई भएको देखिन्छ ।

८ **बजेट तथा कार्यक्रम -** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्।

८.१ **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । पालिकाले शिर्षकगत रुपमा रकमान्तर गरेको विवरण पेश भएन । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

८.२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८.३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०३।१० गते रु.६२ करोड ९० लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

८.५ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट शिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | २२०३२१. | ४७८४. | १३६७४. | ६३३५२. | १३८५०९. | ७२४११. |
| चालु खर्च | ४०६९२९. | ७०३९८. | ७५६१५. | १०५७०८. | १५५४४७. | ९८७४०. |
| जम्मा खर्च | ६२७२५१. | ७५१८३. | ८९०५०. | १६९०६०. | २९३९५७. | १७११५२. |
| खर्च प्रतिशत | | ११.९८ | १४.८९ | २६.९५ | ४६.८७ | २७.२८ |

**पालिकाले** उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६२ करोड ७२ लाख ५१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.७ करोड ५१ लाख ८३ हजार अर्थात ११.९८ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ८ करोड ९० लाख ५० हजार, अर्थात १४.८९ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१६ करोड ९० लाख ६० हजार, अर्थात २६.९५ प्रतिशत र चौथो त्रैमासिकमा रु. २९ करोड ३९ लाख ५७ हजार अर्थात ४६.८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.१७ करोड ११ लाख ५२ हजार अर्थात २७.२८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

८.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | ४३३०८ | ३६१२१ | ६ |
| पूर्वाधार विकास | १५४०३३ | १३३०९१ | २१ |
| सामाजिक विकास | ३४९०१५ | ३०९६३१ | ४९ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | ५४०५५ | ४३७५३ | ७ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२२४६१ | १०४६५२ | १७ |
| जम्मा | ७२२८७४ | ६२७२५१ | ८७ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४९.२६ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५.७५ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

८.७ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु. १ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ३४ | ६५ | ५७ | ५५ | १९ | २३० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २३० वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ६८ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

८.८ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ८२६ | ४८ | ११ | १४ | ७५३ |

९ **अवण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा

बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष देहाय अनुसारका बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | शिर्षक | विनियोजन | खर्च रु. |
|---|---|---|---|
| १ | मागमा आधारित आक्समिक कार्यक्रम | ५०००००० | ४४८६९२३ |
| २ | अन्य संस्था सहायता | १०००००० | ७९१३८१ |
| ३ | विविध कार्यक्रम खर्च | १००००० | १००००० |
| ४ | सामाजिक सुरक्षा तथा आर्थिक सहायता | ३००००० | ३००००० |
| ५ | दिवस, सम्हारो , जात्रा , पर्व , धर्म सांस्कृति संरक्षणमा | १०००००० | ९८२३२७ |
| ६ | प्रकोप तथा विपद व्यवस्थापन राहत उदार सहायता | ५०००००० | ४११७९५८ |
| ७ | स्वास्थ्य उपचार आर्थिक सहयोग | ५००००० | ५००००० |
| | जम्मा | १२९००००० | ११२७८५८९ |

१० **सम्पति व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

१०.१ **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

१०.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

१०.३ **जिन्सी अभिलेखिकरण -** स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता

अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

१०.४ **जिन्सी सम्पतिको सुरक्षा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

१०.५ **मर्मत संभार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नु पर्दछ ।

१०.६ **सम्पत्ति संरक्षण** - पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन ।साविक गाउँपालिकाबाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत व्यहोरा औंल्याएकोमा सुधार भएको देखिएन ।

१०.७ **मालसामानको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

११ **सुझाव कार्यान्वयन –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सि निरीक्षण सम्वन्धि व्यवस्था छ । नियमावलि अनुसार जिन्सी निरिक्षण गरी प्राप्त सुझाव कार्यान्वयन गरी सम्पत्ति व्यवस्थाप दुरुस्त गर्ने कर्तव्य सम्वन्धित जिम्मेवार व्यक्तिको रहने उल्लेख छ । पालिकाको सम्पत्तिका सम्वन्धमा जिन्सि निरीक्षण गरी सुझाव सहितको प्रतिवेदन प्राप्त भएकोमा लेखापरीक्षण अवधिसम्म सुधार भएको देखिएन ।

१२ **कार्य विवरण -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पतिको जिम्मा र अभिलेख सम्वन्धमा कार्यालयमा रहेको नगद, बैङ्क मौज्दातको विवरण, भुक्तानी आदेश, चेक बुक, धरौटी र राजस्वको श्रेस्ता आर्थिक प्रशासन शाखा प्रमूख, राजस्व लगत र सम्बन्धित अन्य कागजात कार्यालय प्रमूख वा आफ्नै रेखदेखमा रहने गरी तोकेको कुनै कर्मचारी तथा जिन्सी मालसामान र श्रेस्ता भण्डार शाखा प्रमूखको जिम्मा रहने गरी व्यवस्था गरेको छ । पालिकामा शाखागत रुपमा कार्य विभाजन गरेको भएपनि कर्मचारीको कार्य विवरण वनाई लागु गरेको देखिएन। कार्य विवरणको अभावमा लिपिबद्द रुपले जिम्म्वारी किटान गरी अभिलेखिकरण गरेको पाइएन। कार्यान्वयन सक्षमता सुदृढ हुनेगरी सुधार गर्नु पर्दछ ।

१३ **संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ ।

१४ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ११४ जना कर्मचारीहरु करारमा राखि रु.२७०१२१९८ खर्च लेखेको विवरण पेश भएको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक पदमा ४५जना करार नियुक्ति गरेको छ। पालिकाले दरबन्दी बाहेक ८ जना कर्मचारी राखी वर्षभरि रु.३३३४०८० खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,३४,०८० |

१५ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन, २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

१६ **अकास्मिक स्वास्थ्य सेवा संचालन -** पालिकाले २ वटा आधारभुत स्वास्थ्य चौकीमा आकास्मिक स्वास्थ्य सेवा सञ्चालनका गागि ३ जान मेडिकल अधिकृत सहित २९ जना कर्मचारीहरु राखी वर्ष भरि रु ८९४८१४७ खर्च लेखेको छ।

१७ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१{२} अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु.६०००००.०० विविध कोष खातामा ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दिर्धकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ ।

१८ **आर्थिक सहयता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्पालिकाको निर्णयको आधारमा विभिन्न संघ, संस्था, यूनियन, ब्यक्ति, तथा संगठन, आर्थिक रुपले विपन्न आगलगी, बिरामीलाई औषधि उपचार खर्च, प्रकृतिक प्रकोपबाट पिडित तथा असहाय नागरिकलाई सामाजिक सुरक्षा तथा सहायतामा रु.१५३९२५, अन्य सांस्था सहायताबाट रु.७९१३८१, स्वास्थ्य सहायता आर्थिक सहयोग रु.५००००० र प्रकोप तथा विपद व्यवस्थापनमा रु.३००००० समेत रु.१७४५३०६ आर्थिक सहायता वितरण गरेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१९ **पर्व महोत्सव तथा दिवसहरु -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न दिवसहरु, माघिमहोत्सव, तिज मिलन लगायतमा रु.१९९९६२८ खर्च गरेको देखिन्छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२० **राजस्व व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।

२०.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं | प्रासिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी रु. |
|---|---|---|---|
| १ | ११३१४ - भुमिकर/मालपोत | ५५००००० | ५३५७८१८.१६ |
| २ | ११३२१ - वहाल कर | २०००००० | २०२९०८७.२ |
| ३ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ७५५००० | ७५५००० |

| | | | |
|---|---|---|---|
| ४ | १३४११ - अन्य संस्थागत आन्तरिक अनुदान | १००००० | ० |
| ५ | १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | २५००००० | २८५२५०८.४ |
| ६ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ७००००० | ८९९९१८ |
| ७ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १०८०००० | ११५०२७५ |
| ८ | १४२२१ - न्यायिक दस्तूर | २०००० | १२९८० |
| ९ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ५००००० | १७६५०० |
| १० | १४२२४ - परीक्षा शुल्क | ५००००० | ५५६४०० |
| ११ | १४२४२ - नक्सापास दस्तुर | ३९००००० | ५१२६९०४.३८ |
| १२ | १४२४३ - सिफारिश दस्तुर | ३५००००० | ३३०५१२८ |
| १३ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ६०७८३५ |
| १४ | १४२४५ - नाता प्रमाणित दस्तुर | २००००० | २१०४४५ |
| १५ | १४२४९ - अन्य दस्तुर | १०००००० | १८७४६८३.७८ |
| १६ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | ६०००० |
| १७ | १४३१३ - धरौटी सदरस्याहा | १००००० | ० |
| १८ | १४५११ - बीमा दावी प्राप्ति | २००००० | ० |
| १९ | १४६११ - व्यवसाय कर | ३५००००० | ३९८४०३४.५४ |
| २० | १५१११ - बेरूजू | २००००० | ७७६१४६ |
| २१ | ३२१२२ - बैंक मौज्दात | ७०५००००० | ० |
| जम्मा | | ९७४५५००० | २९७३५६६३.४६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२०.२ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९७४५५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२९७३५६६३.४६ अर्थात अनुमान भन्दा ७० प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२०.३ **स्थानीय तहरूको विभाज्य कोष –** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन। अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाडफाड गर्नुपर्दछ ।

---

२०.४ **राजश्व दाखिलामा जरीवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ

- **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।
- **मनोरञ्जन कर -**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।
- **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।
- **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले

उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२०.५ **राजश्व अभिलेख -** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैंक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

२०.६ **राजश्व परामर्श समिति -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत: नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

२०.७ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८०२६३२७२० | २९७३५६६३.४६ | १.६५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

२१ **पेश्की बाँकी –**

*✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्योट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.२०१००५०।- सम्परीक्षण गरिएको ।)*

२२ **गत वर्षको पेश्की -** पालिकाबाट आर्थिक वर्ष २०७८।७९ सम्मको देहायअनुसारको पेश्की बाँकी रहेको विवरण सुत्रको मलेप फारम नं २११ फर्छ्यौट गर्न बाँकी पेश्कीको मास्केवारीबाट देखिएकोले उक्त पेश्की नियमानुसार पेश्की फर्छ्यौट हुनु पर्दछ ।

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | गत आ. व.सम्मको |
|---|---|---|---|---|
| कर्मचारी | | | | |
| ०५/२१/२०७९ | ३ | स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार कार्यक्रम | नवराज न्यौपाने | १५०००० |
| | | | | १५०००० |
| ठेकेदार | | | | |
| ०५/२१/२०७९ | १ | पिपरी खोला पुल DPR समेत | केशव शाह कन्स्ट्रक्सन सेवा (प्रा.) लि. | २४००००० |
| ०५/२१/२०७९ | १ | राप्ती ४ सुगुरे खोलामा कल्भट<br>२०८०।८१ मा भौ नं २।०८०।६।२५ मा फर्छ्यौट | निमा देवि निर्माण सेवा | ३९०००० |
| ०९/०३/२०७९ | १३ | पिपरी खोला पुल राप्ती -८ दाङ | केशव शाह कन्स्ट्रक्सन सेवा (प्रा.) लि. | ० |
| | | | | २७९०००० |
| संस्थागत | | | | |
| ०४/०१/२०७९ | १ | करंगेकोट आ बिद्यालय भौतिक पूर्वाधार | श्री जनता आधारभुत विद्यालय करङ्गेकोट | ८००००० |
| ०५/२१/२०७९ | ३ | आँखा सिविर कार्यक्रम संचालन | लमही आँखा अस्पताल | १००००० |
| | | | | ९००००० |
| व्यक्तिगत | | | | |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ राप्ती गाउँपालिका २४६ वटा | डिल बहादुर खत्री क्षेत्री | ३०००० |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ राप्ती गाउँपालिका २४६ वटा | भगवती वि.क. | ३०००० |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ राप्ती गाउँपालिका २४६ वटा | माया चौधरी | ३०००० |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश | मिन राज अधिकारी | ३०००० |

| | | | | |
|---|---|---|---|---|
| | | दाङ क्षेत्र नं १ रासी गाउँपालिका २४६ वटा | | |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ रासी गाउँपालिका २४६ वटा | मिना कुमारी चौधरी | ३०००० |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ रासी गाउँपालिका २४६ वटा | लक्ष्मण सुनार | ३०००० |
| ०५/२१/२०७९ | ३ | सुरक्षित नागरिक आवास कार्यक्रम लुम्बिनी प्रदेश दाङ क्षेत्र नं १ रासी गाउँपालिका २४६ वटा | सावित्रा गोसाइ | ३०००० |
| जम्मा | | | | २१०००० |
| कुल जम्मा | | | | ४०५०००० |

२३ **खर्चमा मितव्ययिता कायम गर्नु पर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमामितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको छ।

२३.१ **खाना तथा विविध खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.६८७७९८४.०० खर्च गरेको विवरण पेश भएको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

२३.२ **इन्धन खर्च -** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.४२४४९५४.०० र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि रुपमा गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२३.३ **मसलन्द तथा कार्यालय सामग्री खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा रु.३२२४५४९।००, कार्यालय सम्बन्धि खर्चमा रु.८१८६०८।०० र वडामा कार्यालय संचालन खर्च रु.१३२५२३६।०० समेत यस वर्ष रु. ५३६८३९३।०० खर्च गरेको छ । पालिकालाई वर्षभरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण

शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

२३.४ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष विभिन्न समिको बैठक भत्तामा रु.२२६५०६८, र वडा समितिको बैठकमा रु.१९१४००० समेत रु.४१७९०६८.०० र सभा संचालन तथा कार्यापालिकाको समेतमा खर्च गरेकोमा अधिकांस बैठक एजेण्डा विहिन रहेको देखियो ।कार्यालयले विभिन्न शिर्षक तथा कन्टिन्जेन्सी खर्चबाट समेत बैठक तथा अन्य भत्ता लिने गरेको देखिएको तर सोको एकिकृत अभिलेख नराख्दा यस सम्बन्धमा खर्च नियन्त्रण गर्नुपर्ने तथा आन्तरिक नियन्त्रण हुनुपर्दछ । पालिकाले विशेष कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितवययिता कायम गर्नु पर्दछ।

२३.५ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.१० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिका तथा वडाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.३२६०३४३.०० खर्च गरेको छ । साथै कन्टिन्जेन्सीबाट पनि खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

२४ **सवारी मर्मत खर्च -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।

- पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।
- पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ३७९९२१६.०० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।साथै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नु पर्दछ ।

२५ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने

कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म.ले.प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु.३६८५३०१।०० खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

- विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख अद्यावधिक राखेको छैन ।
- भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन।उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको।
- अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२६ **कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष प्रत्येक कन्टिन्जेन्सी वापत रु.३५६०००० खर्च गरेको विवरण पेश गरेतापनि सोको अभिलेख नराखदा सोही बराबरको कन्टिन्जेन्सी खर्च गरेको सम्बन्ध यकिन हुन सकिएन । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकमकट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

२७ **कर्मचारी अतिरिक्त भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। साथै लुम्बिनि प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७९ को परिच्छेद २ को ५(क) मा सार्वजनिक निकायले कार्यालय समय बाहेकको अवधिमा कर्मचारीलाई काममा लगाउँदा अतिरिक्त समय काम गर्नु पर्ने अवस्थाको आधार र कारण खुलाई पुर्व स्वीकृति लिई मात्र खाना खाजा वापत खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले कानून तथा कार्यविधि

नबनाई स्वीकृति वेगर कार्यपालिकाको निर्णय आधारमा यो बर्ष २० जना कर्मचारीलाई प्रोत्साहन भत्ता भनि रु.१७४५८०।०० खर्च लेखेको छ। यसरी नियम विपरित प्रोत्साहन भत्तामा खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७४,५८० |

२८ **जेष्ठमा दशै भत्ता -** करारका कर्मचारीलाई नियूक्ति भएको ६ महिना भुक्तानी भएपछि मात्र दशै तथा पोषाक भत्ता भुक्तानी दिनु पर्दछ। पालिकाले असोज महिनामा नियूक्ति भएका आकास्मिक स्वास्थ्य सेवाका कर्मचारीलाई जेष्ठ महिनामा २९ जनालाई चैते दशै मुख्य चार्ड पर्व भएको निवेदन पेश गरेकाले दशै भत्ता रु.७३०२११ भुक्तानी गरेको छ। आगामी आर्थिक वर्ष मा दशै भत्ता असोजमा भुक्तानी हुने सम्भावना देखिएकोले पालिकाले यस तर्फ ध्यान दिनु पर्दछ।

२९ **पदाधिकारी सुविधा -**

२९.१ लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार गाउँपालिकाबाट रु. ९९५४०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

२९.२ आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारीहरुलाई यस आर्थिक वर्षमा यातायात सुविधा रु.२५९२०००टेलिफोन तथा मोवाइल रु. १५१८००० पत्रपत्रिका तथा इन्टरनेट रु.१५३६०००अतिथि सत्कार रु.५६४०००, खानेपानी रु.१२०००० मर्मत सम्भार तथा विधुत रु. १२००००, जनसम्पर्क तथा बिशेष सुविधा रु.३०९६०००० र दशै भत्तामा रु.४०८००० भुक्तानी गरेको देखियो । पालिकाले भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण तथा अभिलेख राख्नु पर्दछ ।

३० **सल्लाहकार -** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद राख्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियूक्ति गरि बर्ष भरि रु.१४४०००।०० भुक्तानी गरेको रकम नियम सम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४४,००० |

३१ **आमाबाबु विहिन बालबालिका -** स्थानीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन अनुसार आमा बाबु बिहिन बालबालिका संरक्षण कार्यक्रमका लागि सामाजिक विकास मन्त्रालयमा पेश गरेको विवरण तथा अद्यावधिक अभिलेख बमोजिमका बाबुआमाबिहिन बालबालिकाहरुलाई मासिक रु.२०००।०० का दरले चौमासिक रुपमा भत्ता वितरण गर्ने उल्लेख रहेकोमा मार्गदर्शनमा उल्लेख भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ । पालिकाले यस वर्ष रु.१००० का दरले ३१ जनालाई ६ महिनाको

रु.१८६००० भुक्तानी गरेको छ । मार्गदर्शन अनुसार बालबालिकाहरु १८ वर्ष पूरा नगरेको हुनुपर्ने, आवेदन पेश हुनुपर्ने, ५ वर्ष भन्दा माथिका बालबालिकाको हकमा विद्यालयको सिफारिस नभएको, बालबालिकाको उमेर नखुलेको, बालबालिकाको संरक्षकको निवेदन नभएको, सामाजिक विकास मन्त्रालयमा लगत कट्टा गरी अद्यावधिक विवरण नपठाएको जस्ता कैफियत देखिएकोलेसम्पूर्ण कागजात संलग्न गरी तथा अभिलेख दुरुस्त राखि मात्र भुक्तानी गर्नुपर्दछ ।

३२ **व्यक्तिको नाममा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी (ई एफ टी ) हुनु पर्नेमा सो नगरि निम्न व्यक्तिहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ। यसरी भुक्तानी भएको रकम सम्बनधितले पाए नपाएको तथा जुन कार्यकोलागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकाले आन्तरिक कायम गर्नु पर्दछ। यसका केहि उदाहरणहरुः

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ७।५।२३ | तिज महोत्सव तथा विविध लगायत | बासु खानाल | १५०४३५ |
| ७२।६।१३ | शिक्षा दिवस कार्यक्रम | विश्वास वि क | ४६१२४ |
| १००८।३।१८ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत | शान्ता के सी | १६३९०१ |
| १०१२।३।१८ | ईन्धन, समिति बैठक भत्ता तथा विविध कार्यक्रम | दामोदर पोखेल | १५७६१५ |
| १०१४।३।१८ | ईन्धन, समिति बैठक भत्ता तथा विविध कार्यक्रम | असलेक कुमार चौधरी | १४०९०९ |
| १०८०।३।२० | ईन्धन, समिति बैठक भत्ता तथा विविध कार्यक्रम | सुवास भट्टराई | १४४२३८ |

३३ **गैर सरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्था बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ। सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो। कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको। गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, तालिम संचालनको नर्म्स पालना नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, आफ्नो भ्याट विल जारी नगरेको, कतिपयमा वडा अध्यक्षहरुले मात्र सम्झौता गरि कार्यक्रम संचालन गरेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गौ न मिति | कार्यक्रम | सस्थाको नाम | रकम |
|---|---|---|---|
| १०९३।३।२१ | कम्पुटर सिकाई तालि | गौमुखी ईन्सिटिच्यूट अफ टेक्नोलोजि प्रा ली | १५०००० |

| | | | |
|---|---|---|---|
| ५८९।१२।१९ | अगरबत्ति बनाउने तालिम | गौमुखी ईन्सिटिच्यूट अफ टेक्नोलोजि प्रा ली | १००००० |
| ९८८।३।१८ | सहकारी क्षेत्र सुदृढिकरण | नेपाल बचत तथा ऋण सहकारी संघ ली | ३०८५०० |
| | जम्मा | | ५५८५०० |
| | | अनियमित भएको | ५,५८,५०० |

३४ **विज्ञापन वोर्ड कोष खाता कट्टी -** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि रु.३२६०३४३.०० तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट सूचना प्रकाशन खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

३५ **जेष्ठ नागरिक उपचार -** कुनै पनि कार्यक्रम गर्दा निश्चित मापदण्ड तथा कार्यविधि बनाई गर्नुपर्दछ। पालिकाले वडा नं २ र ९ मा जेष्ठ नागरिकको घर घरमा गई उपचार गर्ने कार्यमा ६४९९५५।०० खर्च गरेको छ। उक्त कार्यक्रममा २ जाना कर्मचारी राखी जेष्ठ नागरिकको उपचार गरेको भनि तलबमा रु.४००००० खर्च लेखेको छ। पालिकामा स्वास्थ्यकर्मिहरुको पुर्णता हुदाँ हुदै छुटै कर्मचारी राखी तलबमा खर्च गर्नु उचित देखिएन । यस्तो कार्यक्रम तथा खर्चमा नियन्त्रण हुनुपर्दछ ।

३६ **जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारको विद्युत महशुल समयमा तिरि छुट पाउनु पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा जरिवाना तिर्नु परेको हुँदा पालिकालाई थप व्ययभार परेको छ। यसरी जरिवाना तिर्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।

३७ **भूमि आयोग सम्बन्धि खर्च -** कुनै पनि कार्यमा खर्च गर्दा त्यसको लागत लाभ तथा प्रगतिको विश्लेषण गरि स्रोत साधनको उचतम उपयोग हुने गरि खर्च गर्नु पर्दछ। भूमि आयोगले कार्य गरिरहेको भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समधानका लागि पालिकाले यस वर्ष रु.२२ लाख ७९ हजार ४४६ खर्च गरेको छ। पालिकाले डाटा संकलन तथा ईन्ट्रि, सर्वेक्षक, अमिनहरुको तलब भत्ता, सो सम्बन्धि कम्पुटर जन्य सामाग्री, फर्निचर, अन्य विविध लगायत कार्यको गागि खर्च गरेकोमा सर्वेक्षकहरु, डाटा संकलन तथा ईन्ट्रिकर्ता र अमिनहरुको हाजिर अद्यावधिक गरि राख्नु पर्नेमा कार्यालयमा हाजिर राखेको छैन। भूमिहिन सुकुम्वासी तथा

अव्यवस्थित बसोबास समस्या समधान सम्बन्धि हाल सम्म के कति प्रगति भयो, कति जग्गा नापी भयो, कति जना सुकुमबासीहरुलाई जग्गा धनि पुर्जा वितरण गरियो सोको यथार्थ विवरण सहित प्रगति प्रतिवेदन पेश गरेको छैन । साथै सो कार्यको अनुगमन प्रतिवेदन समेत पेश भएको नदेखिएकोले खर्च को विवरण सहितको प्रगति तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

३८ **अन्य कार्यालयको खर्च -** नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ। साथै एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन । पालिकाले निम्न कार्यहरुको खर्च भुक्तानी दिएको छ। यसरी अन्य कार्यालयको खर्च पालिकाले भुक्तानी दिनु नियम सम्मत्त देखिएन रु.

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १५७।७।२८ | किचन मेस निर्माण | ईलाका प्रहरी कार्यालय भालुवाङ्ग | १६८३५५ |
| ७९४।२।११ | ईन्धन | सुरक्षा निकाय | २३८०० |
| १०११।३।१८ | सुरक्ष निकायलाई ईन्धन सहयोग | | ५७४० |
| | जम्मा | | १९७८९५ |

| | |
|---|---|
| अनियमित भएको | १,९७,८९५ |

३९ **खाजा खर्च -** महिला स्वास्थ्य स्वयम सेविकालाई संघीय सरकारबाट सेवा सुविधा प्राप्त भईरहेको अवस्थामा पालिकाले पुनः खाजा खर्च वापत ६४ जनालाई रु.१५०० का दरले रु.५७६००० भुक्तानी दिएको छ। यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

४० **उपचार खर्च -** स्थानिय सरकार संचालन ऐन, २०७४ मा उपचार खर्च भुक्तानी दिनु पर्ने उल्लेख छैन । पालिकाले गाउँसभाको निर्णय अनुसार निम्न व्यक्तिलाई उपचार खर्च तथा आर्थिक सहायता भुक्तानी दिएको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| भौ नं मिति | नाम | विवरण | रकम रु. |
|---|---|---|---|
| १४४।७।२२ | वडा सदस्य मुकेस कुमार चौधरी | मृत्यू भएकोले आर्थिक सहायता | १००००० |
| ७९८।२।११ | मन्टु प्रसाद चौधरी | उपचार सहायता खर्च | २००००० |
| | जम्मा | | ३००००० |

४१ **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित

सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| भौ नं मिति | विवरण | रकम रु. |
|---|---|---|
| २७४।१०।५ | समुदायिक विद्यलयका उत्कृष्ट विधार्थिलाई प्रोत्साहन वितरण | ६०००० |
| २९०।१०।६ | जेष्ठ नागरिकलाई सिरक वितरण वडा नं २ मा | ११९५७६ |
| २९५।१०।१३ | महिला स्व स से लाई छाता र जुता वितरण ६० जनालाई | १२०००० |
| २९५।१०।१३ | जेष्ठ नागरिकलाई ब्लाङकेट वितरण २६८ पिस | ३२१६१६ |
| ३५५।१०।१६ | आपाङ्गहरुलाई डाईफर वितरण १८० पिस | ११२३४४ |
| ३६२।१०।१६ | वडा नं ६ मा खेलकुद सामाग्री वितरण | १९९६६० |
| ४०२ ११।९ | दलित पिडित आनाथ बालबालिकालाई पोषाक वितरण वडा नं४ | १००००० |
| ४७२।११।२२ | जेष्ठ नागरिकलाई थर्मस वितरण ३५ थान वडा नं १ | ५०००० |
| ५५५।१२।१० | दलित पिडित आनाथ बालबालिकालाई पोषाक वितरण वडा नं६ | १७९९०२ |

४२ **अनुत्पादक खर्च -** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ ।अनुत्पादक खर्चलाइ पालिकाले नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरुः

| सि नं | कार्यक्रम मिति | रकम रु. |
|---|---|---|
| १ | उपाध्यक्ष कोसेली कार्यक्रम | ६९९२४४ |
| २ | आमा समुहलाई खाजा खर्च | ४१४६५० |
| ३ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | १३२४१९ |
| ४ | ओम शानति ब्रह्मकुमारीलाई ल्यापटप हस्तान्त्रण | ९८५०० |
| ५ | वागासोति होमस्टेलाई फर्निचर तथा भाडा वर्तन | ६४९८९ |
| ६ | ईन्द्रेणि यूवा क्लबलाई प्लाटिकको कुसि २५ थान | २९६६२ |

४३ **उपाध्यक्ष कोसेली कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा उचत्तम प्रतिफल प्राप्त हुने गरि मित्वययि रुपले खर्च गर्नु पर्दछ। पालिकाले उपाध्यक्ष कोसेली कार्यक्रम संचानल गरेको छ। सुत्केरी हुने महिलालाई कोसेली उपहार दिनका लागि तेल, पाउडर, साबुन, नङकट्टर, पेन्टि, पेटिकोट, पेफ्टि प्याडको र ५०० ग्रामको सरफको एउटा प्याकेट बनाई कोसेली उपहार दिएको छ । उक्त कार्यक्रमका लागि विविध सप्लायर्सबाट रु.६९९२४४ को ७०० परिमाणमा कोसेली उपहार खरिद भएकोमा ४५० मात्र वितरण भएको देखिन्छ। बाकि २५० मौजदात रहको जनाएको छ। यसरी मौज्दात रहने

गरि खरिद गर्दा बिग्रिने, म्याद समाप्त भई प्रयोगमा नआउने हुनाले आवश्यक्ताको पहिचान तथा विशलेषण गरि मात्र खरिद गर्नु पर्दछ ।

४४ **कृषि तथा पशु तर्फ -** कुनै पनि कार्यक्रम गर्दा निश्चित मापदण्ड तथा कार्यविधि बनाई गर्नुपर्दछ। नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिकाले कृषि तथा पशु तर्फ विभिन्न कार्यक्रम तथा विउ विजन वितरण गर्दा कार्यविधि तथा मापदण्ड बनाएको छैन । वितरण कार्यमा सबै सरोकारवाला तथा लाभग्राहीहरुको पहुँच र एकरुपता कायम भएको देखिएन । कृषि तथा पशु तर्फ सामाग्री तथा पशु भन वितरण गरेको छ ।केही उदाहरणहरुः

| भौ नं मिति | विवरण | रकम रु. |
|---|---|---|
| ५२९।१२।८ | कृषकहरुलाई किटनाषक औषधि वितरण निशुल्क | १५०००० |
| ५९६।१२।२१ | कृषकहरुलाई पशुपञ्छि औषधि वितरण निशुल्क | ८५११९ |
| ५७८।१२।१० | कृषकहरुलाई स्प्रे ट्याङ्की वितरण ५० प्रतिशत अनुदान | ३०३१४० |
| ६५३।१।८ | बंगुर पालक कृषकहरुलाई परिजिवी नियन्त्रणकालागि औषधि तथा पोषण मिनरल वितरण निशुल्क | १९१९४५ |
| ६५४।१।८ | ७० प्रतिशत अनुदानमा घाँसको विउ वितरण | १९००० |
| ७४५।२।२ | कृषकहरुलाई टनेल प्लासटिक निशुल्क | २९९६२४ |
| ९३७।३।११ | ५० प्रतिशत अनुदानमा गोठ सुधार कार्यक्रम ८ जनालाई | ३४४४६९ |
| ९३८।३।११ | ५० प्रतिशत अनुदानमा बोयर क्रस बोका वितरण १८ जनालाई | ३५६७८७ |
| ९७८।३।१६ | ५० प्रतिशत अनुदानमा मासु पसल सुधार फर्महरुलाई समाग्री वितरण डि फ्रज टायल | ७२४६५ |
| ९७९।३।१६ | ५० प्रतिशत अनुदानमा डेरी सुधार २ फर्महरुलाई समाग्री अनुदान | २००००० |
| १०२०।३।१८ | दुध उत्पादनमा अनुदान प्रति लि रु.२ ५५ जना कृषकलाई | १७४४०४ |

- भरपर्दो तथा सबै लाभग्राहीको पहुँच हुने गरि सूचना प्रकासन नगरेको तथा कृषक छनौट प्रकृया पारदर्शि नभई वडा समितिको निर्णयको आधारमा वितरण भएको देखिएकोले पालिकाले यस तर्फ सुधार गर्नु पर्दछ
- खरिद भएको सामाग्रीहरु प्याकेजिङ्ग गरि खरिद प्रकृया पुर्याएर खरिद गर्नु पर्नेमा सो गरेको देखिएन आगामी दिनमा यस तर्फ सुधार हुनु पर्दछ।
- वितरणमा एकरुपता कायम गर्नु पर्नेमा सो नगरि कुनै मा ७५ प्रतिशत कुनैमा लागत सहभागिता नै नराखी निशुल्क वितरण गरेको देखिएकोले निश्चित मापदण्ड तथा कार्यविधि बनाई सोही अनुसार लागत सहभागिता हुने गरि वितरण प्रणाली व्यवस्थापन गर्नु पर्दछ।
- खरिद भएकका बाखा तथा बङगुरको पाठो को विमा, स्वास्थ्य अवस्थाको प्रमाण पत्र तथा अनुगमन प्रतिबेदन र प्रगति प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनु पर्दछ ।

४५ **करार खेती -**

४५.१ रासि गाउँपालिका करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को परिच्छेद २ मा कार्यक्रम सञ्चालन अनुदान सम्बन्धि व्यवस्था अन्तरगत पहिलो वर्ष १०० %, दोश्रो वर्ष ५० % र तेश्रो वर्ष २५ % अनुदान उपलब्ध

गराईने र चौथो वर्ष देखी अनुदान दिईने छैन। यसरी अनुदान उपलब्ध गराउदा प्रति कठा रु.२५०० वा किसानले जग्गा धनिसंग सम्झझता गरेकोको रकम जुन कम हुन आउछ सोही रकम जग्गा धनिको खातामा अनुदान उपलब्ध गराईने उल्लेख छ। पालिकाले यस वर्ष १३ जना किसान तथा कृषि फर्महरुलाई २७५.८ कठाको रु.२५५५१४ अनुदान दिएकोमा कृषक र सम्बन्धित जग्गा धनिको लगत अद्यावधिक नगरि राखेको, कृषकले खेती गरेको लागत तथा उत्पादन विबरण सहितको प्रतगति प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश नगरेको उक्त कार्यक्रम प्रभावकारी भएको देखिएन। पालिकाले उपरोक्त अनुसारको प्रमाण पेश गरि कार्यम्रम प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।

४५.२ **भु वहाल –**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२। २७ को निर्णयबाट रु.२५५५१।- सम्परीक्षण गरिएको ।)***

४६ **निलसागर सेवा आश्रमलाई अनुदान -** पालिकाले बेसहारा व्यक्तिको संरक्षणका लागि निलसागर सेवा आश्रमलाई रु.१० लाख अनुदान दिएको छ। यसरी अनुदान रकम उपलब्ध गराउदा आश्रममा कति जान बेसहारा नागरिक रहेको, आश्रम पालिका क्षेत्रभित्र रहे नरहेको, अनुदान रकमको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गरेको छैन। पालिकाले यस सम्बन्धि प्रगति प्रतिवेदन तयार गर्नुका साथै सोको अनुगमन गर्नु पर्दछ ।

४७ **क्यामपसलाई अनुदान -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई अनुदान दिएको देखियो गतविगतको प्रतिवेदनमा समेत उल्लेख भएकोमा कार्यान्वयन नभएको नियम सम्मत नदेखिएको रु.

| भौ नं मिति | क्याम्पसको नाम | रकम |
|---|---|---|
| ६६०।१।१० | ऐरावती वहुमुखी क्याम्पस व्यवस्थापन तथा संचालन अनुदान | १०००००० |
| ९२२।३।७ | देउखुरी वहुमुखी क्याम्पस व्यवस्थापन | २५०००० |
| | जम्मा | १२५०००० |

| | |
|---|---|
| अनियमित भएको | १२,५०,००० |

४८ **विद्यालयको विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले भौ नं मिति ६१०।१२।२९ बाटा विभिन्न २८ वटा विधालय मा वि लाई २५००००, नि आधारभुतलाई १५०००० र प्रा वि लाई ६५००० का दरले वित्तिय सामानिकरणबाट रु.३७१०००० संचालन अनुदान दिएकोमा उक्त रकम कुन कुन शिर्षकमा खर्च भएको सम्बन्धमा व्यवस्थित अभिलेख राखेको देखिएन । विद्यालयलाई खर्च गर्न दिएको रकमको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ ।

४९ **बढी निकासा -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.३०५००।- सम्परीक्षण गरिएको ।)*

५० **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३को दफ ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्बजनिक निकायले बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गरी खरिद गर्नु पर्ने साथै नियम ३१ अनुसार सार्बजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद योजना बमोजिम प्याकेजिंग गरी खरिद कार्य गर्नुपर्दछ ।

| भौ नं मिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| ४५१।११।१७ | फर्मेट तथा रजिष्टर छपाई | | ३००००० |
| १०९५।३।३० | स्थानीय पाठ्यक्रम छपाई | पशुपति छापाखाना | १७९६७० |
| १०६१।३।२० | शैक्षिक क्यालेण्डर | पशुपति छापाखाना | १४९१६० |
| १०६८।३।२० | रासि डायरी तथा स्पाईरल | प्रतिभा अफ्सेट | ३१०१८५ |
| १००५।३।१८ | विधार्थि मुल्याङ्क पुस्तिका छपाई | प्रतिभा अफ्सेट | ४९९७४० |

५१ **परामर्श -**

५१.१ सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौ नं मिति बाट परामर्श सेवा खरिदमा रु.८०६४७४४.०० खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छ।

| भौ नं मिति | कार्य | परामर्शदाता | भुक्तानी रु |
|---|---|---|---|
| १०८१।३।२० | शिक्षा क्षेत्रमा अध्ययन तथा प्रतिवेदन | सञ्चार चौतारी दाङ | ५३५०५५ |
| २२५।९।२१ | नदि जन्य पदार्थको प्रारम्भिक वातावरणिय परीक्षण ५वटा घाटको | पिस रिसर्च एण्ड डेभलपम्न्ट कन्सलटेन्ट प्रा ली | १४६९४९० |
| ७०९।१।१७ | मा वि मौरिघाट र सर्वोदया मा वि को डि पी आर | नेक्सट कन्सलटेन्ट प्रा ली | १४२०४१० |
| ७७७।२।४ | वडा नं ३ को प्रशासकिय भवनको डि पी आर | अल्बर्टा ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा ली | ४९७२०० |
| ९४०।३।११ | O and m सर्वे | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर | ४९७२०० |

| | | | |
|---|---|---|---|
| ९८०।३।१७ | कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास | बजार विकास प्रा ली | ३८५३३० |
| ९३०।३।७ | राप्ती गापाको सरसफाई तथा स्रोत केन्द्र निर्माणकोलागि आई ई ई परिक्षण | मल्टि सेक्टर ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा ली | ४९६१५४ |
| ११४२।३।२४ | मध्यकालिन संरचना निर्माण | सार्प रिसर्च सेन्टर प्रा ली | ४५२००० |
| ११०४।३।२१ | Preparation of integrated periodic plan of rapti rural municipality | | |
| ११२४ | पालिकाको सुशासन कायम गर्न बनेको विधेयक | लिगल एक्सन नेपाल प्रा ली | ३७०००० |
| १०५६।३।२० | भू उपयोग तथा भवन सहिता सम्बन्धि कार्यर्विधि तर्जुमा | दंगिसरण कन्सलट प्रा ली | १९४१९०५ |
| | जम्मा | | ८०६४७४४ |

५१.२

- यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।
- परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

५१.३

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

५१.४ **नन् फाईलर –**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१५६३८३।- सम्परीक्षण गरिएको ।)*

५२ **शिक्षा तर्फ -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

५२.१ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

५२.२ **विद्यालयको अनुगमन नियमन व्यवस्था -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

· सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
· मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
· अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
· प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

५२.३ **निजी विद्यालय व्यवस्थापन -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

· निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
· मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
· निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
· शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
· अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।
· अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

५२.४ **अनुदान उपयोग -** पालिकाले यस वर्ष निम्न विद्यालयलाई निम्नानुसारको शीर्षकमाअनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| विद्यालयमा पुस्ताकालय तथा व्यवस्थापन | श्री जनज्योती आ. वि . नयाँगाउ | ६५०००० |

| | | |
|---|---|---|
| विद्यालयमा विज्ञान प्रयोगशाला | श्री माध्यमिक विद्यालय रुपाकोट | ६५०००० |
| आ. ई . सि . टि अनुदान | श्री माध्यमिक विद्यालय मौरीघाट | ६५०००० |
| | श्री सरवोद्य माध्यमिक विद्यालय सिरसनिया | ६५०००० |
| कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री माध्यमिक विद्यालय रुपाकोट | ५०००० |
| | श्री सरस्वती आ वि छोट्कीसिसनिया | ५०००० |
| | श्री दुर्गा भवानी आ वि मसुरिया | ५०००० |
| | श्री नवप्रतिभा आ वि पाखापानी | ५०००० |
| | श्री वि पि आधारभुत विद्यालय बसन्तापुर | ५०००० |
| शिक्षण सिकाईमा प्रोत्साप्हन अनुदान | श्री आदर्श मा. वि लालमटिया | २००००० |
| सामुदायिक बाल विकास केन्द्रलाई सामाग्री | विभिन्न ५ वटा सामुदायिक वाल विकास केन्दर | ५९९९९७ |
| नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | श्री आदर्श मा. वि लालमटिया | ३००००० |

(क)**विद्यालय छनौट -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तयगरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि विधालयलाई शिक्षण सिकाइमा आइ.सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा तोकिएका पूर्वाधार तथा मापदण्ड बमोजिम प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

(ख) **लागत अनुमान तयार नगरी खरिद कार्य भएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा **५** मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्था रहेको छ । विद्यालयहरुले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः विद्यालयहरुबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

(ग) **अनुगमन नभएको -**शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं.नं ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/ LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे/नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

(घ) **प्रतिवेदन पेश नभएको -विद्यालयले**स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक

प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

५२.५ **निःशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकाले IEMIS विवरणको आधारमा पालिकाभित्र संचालनमा रहेका २८ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको लागि रु. ४८३०९५८ अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

- विद्यालयहरुले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण देखिएन ।
- निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।
- पाठ्यपुस्तकको नाम उल्लेख नगरी १ सेट मात्र भनी उल्लेख गरेकोले कुन-कुन पाठ्यपुस्तक बुझेको भनी एकिन हुन सक्ने अवस्था देखिएन ।
- पालिकाले पेश गरेको विद्यार्थी हाजिरी रजिष्टर र पाठ्यपुस्तक बुझेको भरपाई भिडान गर्दा हाजिरी रजिष्टरमा भएका विद्यार्थी संख्या भन्दा पाठ्यपुस्तक बुझेको भरपाई बढी भएको देखिएकोले वास्तविक विद्यार्थी संख्या एकिन हुन सकेन ।

अत: पालिकाले उल्लेखित कुराहरुमा ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउनुपर्दछ ।

५२.६ **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

५२.७ **विद्यालयको भौतिक पूर्वाधार व्यवस्था -** पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५२.८ **बिद्यालयहरुको लेखापरीक्षण** - पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने

व्यबस्था छ । पालिका अन्तर्गत ९३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

५२.९ **शिक्षकको तलब भत्ता—**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई समानीकरण अनुदानबाट रु.२८८९४१२३ तलब भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,८८,९४,१२३ |

५२.१० **छात्रवृत्ती** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २८ वटा विद्यलायलाई रु.२१०६००० निकासा गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

५२.११ **दिवा खाजा** - कार्याक्रम कार्यान्वयन पुस्तिकामा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २८ वटा सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु.११८९०००५ निकासा भएकोमा विद्यालयहरुले कार्यान्वयन पुस्तिका अनुसारको खाजाको मेनु तयार गरेको पाइएन ।अतः आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजाको व्यवस्थापनको अनुगमन गर्नुपर्दछ ।

कार्यक्रम कार्यान्वयन पुस्तिकाले प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्याकाको लागि वार्षिक रुपमा १८० दिनको लागि दिवा खाजाको लागि बजेट उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित व्यवस्था विपरित विद्यालयहरुलाई २०४ दिन सम्मका लागि दिवा खाजा निकासा गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यान्वयन भएको देखिएन ।

५३ **स्यानिटरी प्याड** - पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| भौ नं | आपूर्तिकर्ता | सामाग्री | परिमाण | रकम रु |
|---|---|---|---|---|
| १३९।२०८०।१।२० | एभरेष्ट मेडिको फर्मा | Sanitary Pad School Girl Ultra-200 MM | २०३०० प्याकेट रु.८७ का दरले | १९१५६९३ |

(क) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिममो व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

(ख) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्थांकसँग भिडाई आवश्यक हुने संख्यामा सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्थांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक सेनेटरी प्याड उपलब्ध गराएको देखिएन । पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

(ग) दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८० जेष्ठमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(घ) दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन। अत: पालिकाले विद्यालयलाई निकासा गरेकोमध्ये छात्राहरुलाई उपलब्ध गराएको र विद्यालयमा मौज्दात रहेको अभिलेख राख्नुपर्दछ ।

५४ **प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायकोविद्यालयहरुलाई विभिन्न शीर्षकहरुमा अनुदान रकम उपलब्ध गराएकोमा उक्त रकम खर्च भएको पुष्टि गर्ने आवश्यक सम्पूर्ण प्रमाण कागजातहरु संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| कार्यक्रम | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री माध्यमिक विद्यालय रुपाकोट | ५०००० | दाखिला प्रतिवेदन नभएको |
| | श्री सरस्वती आ वि छोट्कीसिसनिया | ५०००० | दाखिला प्रतिवेदन नभएको |
| | श्री दुर्गा भवानी आ वि मसुरिया | ५०००० | कार्यसम्पन्न प्रतिवेदन नभएको |
| | श्री नवप्रतिभा आ वि पाखापानी | ५०००० | दाखिला प्रतिवेदन नभएको |
| | श्री वि पि आधारभुत विद्यालय बसन्तापुर | ५०००० | कार्यसम्पन्न प्रतिवेदन नभएको |
| जम्मा | | २५०००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

५५ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री आदर्श मा.वि लालमटिया लाई अनुदान स्वरुप रकम रु.३०००००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क)** नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ **(**पहिलो संशोधन, २०७५**)** को परिच्छेद ८.३ मा शिक्षकको व्यवस्था सम्बन्धमा उल्लेख छ । निर्देशिकामा थप शिक्षक व्यवस्थापन सेवा करारको माध्यमबाट गर्ने व्यवस्था रहेकोमा सो विपरित विद्यालयलेकार्यरत १९ शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तलब तथा पोशाक भत्ता वापत रु.३०७३५३२ खर्च गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको मर्म अनुसार रकम खर्च गर्नुपर्दछ ।

**(ख)** निर्देशिकाले सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर अभिवृद्धिका लागी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालये शैक्षिक सामाग्री खरिद, स्कुल बसको इन्धन, बिमा, कर र मर्मत वापत रु.३३५५५३ खर्च गरेको छ । निर्देशिकाको मर्म विपरित गरिने यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

५६ **स्वास्थ्यतर्फ -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

५६.१ **न्यानो झोला खरिद** - पालिकाले यस वर्ष न्यानो झोला कार्यक्रम अन्तर्गत न्यानो झोला खरिद वापत देहायबमोजिम खर्च गरेकोमा देहायबमोजिम व्यहोरा पाईयो ।

| भौ नं | आपूर्तिकर्ता | परिमाण | रकम रु |
|---|---|---|---|
| ९२।०७९।११।९ | एभरेष्ट मेडिको फर्मा | ६८० थान रु ७९६ का दरले | ६११६४६ |

स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन अनुसार अस्पतालहरुले सार्वजनिक खरिद ऐन अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ । न्यानो झोला आपुर्ति भै सकेपछि अस्पतालले specification अनुसार गुणस्तार भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाईएन । तर्सर्थ पालिकाले चेक जाँच गरी Specification अनुसारको गुणस्तर भए नभएको एकिन गर्नुपर्दछ ।

५६.२ **औषधी खरिद तथा व्यवस्थापन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद र बोलपत्र मार्फत देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| गो. भौ . नं / मिति | विवरण ( औषधी / सामाग्री ) | आपुर्तिकर्ता | कति प्रकार |
|---|---|---|---|
| ३८/संघिय सशर्त/ | औषधि खरिद | कुन्जन मेडिको कन्सर्न, घोराही , दाङ | Atropine Sulphate लगायतका १११ |

| | | | |
|---|---|---|---|
| ०७/२९/२०७९ | | | प्रकारका औषधी |
| २९२/गाउँपालिका चालु/२०७९/१०/९ | औषधि तथा सामाग्री | नयन मेडिको फर्मा, मध्यपुर , ठिमी | Azithromycin लगायतका १६९ औषधी |
| ६२३/गाउँपालिका चालु/२०७९/१२/२७ | औषधि खरिद | कुञ्जन मेडिको कन्सर्न | Paracetamol लगायतका ११ औषधी |
| ६७८/गाउँपालिका चालु/२०८०/१/१३ | औषधि तथा सामाग्री | जयमाता मेडिसिन सप्लायर्स, तुलसीपुर , दाङ | Adrenaline लगायतका ६९ प्रकारका औषधी |
| १०८४/गाउँपालिका चालु/२०८०/३/२० | औषधि तथा सामाग्री | गुडलक मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा. लि . | Oral Rehydration salt powder packet लगायतका ३३ औषधी |
| ९७०/गाउँपालिका चालु/२०८०/३/१६ | औषधि तथा | युनाईटेड मेडिको कन्सर्न प्रा. लि | Adrenaline लगायतका ४५ प्रकारका औषधी |
| २७९/संघिय सशर्त/ ०३/२४/२०८० | सार्जिकल सामाग्रि | सन्त्वना मेडिसिन सप्लायरस | Hospital Bed Mattress लगायतका ९ प्रकारका सामाग्री |
| आयुर्वेद औषधी | | | |
| ९१/संघिय सशर्त/ ११/०९/२०७९ | आयुर्वेद औषधी | आरोही अष्टाङ्ग आयुर्वेद सेन्टर | अविपत्तिकर चुर्ण लगायतका १९ प्रकारका औषधी |
| ९१/संघिय सशर्त/ ११/०९/२०७९ | आयुर्वेद औषधी | आरोही अष्टाङ्ग आयुर्वेद सेन्टर | अविपत्तिकर चुर्ण लगायतका १९ प्रकारका औषधी |

- खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि WHO सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंव सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच नगरेको नखुलाएको कारणऔषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।
- औषधिको जिन्सी कितावमाआम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।
- औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

५६.३ **औषधी खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले विभिन्न आपर्तिकर्ताबाट विभिन्न प्रकारका औषधी सोझै खरिद गरेको छ । पालिकाले अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्दछ ।

५६.४ **स्वास्थ्य कार्यक्रमहरु -** पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

- पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।
- कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन ।
- कार्यक्रमहरुको प्रतिवेदनमा सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर नराखेको ।
- कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो।
- अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार नगरेको ।
- स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएको दोहोरो भत्ता एकिन हुन नसकेको ।

पालिकाले उल्लेखित सम्बन्धमा ध्यान दिदै आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्दछ ।

५७ **कृषि तथा पशुतर्फ -** पालिकाले आ.व २०७९।८० मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिमका अनुदानका कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

५७.१ अनुदान वितरणको विवरण -

| कार्यक्रम / आयोजना/ क्रियाकलापको नाम | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|
| ५० % मुल्य अनुदानमा बोयर क्रस बोका बितरण | विभिन्न १९ जना कृषकहरु | ३५१३३७ |
| ५०% लागत साजेदारीमा गोठ सुधार ५० हजार प्रतिकृषक | दुर्गा प्रसाद चौधरी/श्री जयगुरुदेव गाइ फर्म | ४९२५० |
| | मोहम्मद रउफ खाँ/आलिया कुखुरा तथा पशुपन्छी फर्म | ४९२५० |
| | सदम चौधरी/चौधरी पशुपन्छी फर्म | ४९२५० |
| | दिवखार पौडेल/लक्ष्मी गाइ फर्म | ४९२५० |

| | | |
|---|---|---|
| | अन्गना भण्डारी जैसी/ हिमाल पशुपन्छी वहुउदेश्य कृषि फर्म | १२४०० |
| | रामरती कुमारी चौधरी/ रिभान्स एकिकृत कृषि तथा पशुपन्छी फर्म | ४९२५० |
| | मोहन वहादुर विष्ट/जितु पशुपन्छी वहुउदेश्य फर्म | ३५०५७ |
| | धर्म वहादुर वोहरा क्षेत्री/वोहरा वागवानी विउ विजन तथा पशुपन्छी पालन फार्म | ४५७८८ |
| ५०% लागत साजेदारीमा डेरी पसल सुधार १ लाख प्रतिकृषक | शुभम् डेरी एण्ड आइसकृम पार्लर वडा न २ | ९७०८६ |
| | प्रेम वेकरी सप एण्ड डेरी वडा न १ | ९७५०० |
| | न्यू रासी डेरी एण्ड वेकरी वाडा न १ | ९६३७९ |
| ५० प्रतिशत लागत साझेदारीमा बिधुतिय च्यापकटर बितरण | एकिकृत कृषि तथा पशुपंक्षी फर्म | २३५९१ |
| | सिर्जनसील कृषक समुह | २३५९१ |
| | पौडेल एकिकृत कृषि तथा पशुपंक्षी फर्म | २३५९१ |
| | गौमुखी कृषि तथा पशुपंक्षी फर्म | २३५९१ |
| | वस्नेत एकिकृत कृषि तथा पशुपंक्षी फर्म | २३५९१ |
| | प्रगती मल्टी प्लडहर्ड भैसी पालन समूह | २३५९१ |
| | प्रशंसा एकिकृत कृषि तथा पशुपंक्षी फर्म | २३५९१ |
| ५०% लागत साझेदारीमा मासु पसल सुधार | दाजुभाइ वंगुर फर्म फ्रेस हाउस एण्ड सप्लायर्स | ७२४६५ |
| | अर्चना मासु पसल | ७०५२२ |
| | रासी एकिकृत कृषि तथा पशपन्छीजन्य सप्लार्य | ६६४८८ |
| माछापालनका लागि नयाँ पोखरी निर्माणको लागि ५० प्रतिशत लागत साझेदारीमा अनुदान सहयोग | भि. एस. वहुउदेश्य कृषि, पशुपन्छी तथा मत्स्य फर्म | ११८४०५ |
| | एस.आर वहुउदेश्य कृषि तथा पशुपन्छी फर्म | ३०४१७ |
| स्वरोजगारका लागी करार खेती कार्यक्रम | विभिन्न १२ जना कृषक तथा फर्म | २५२९१६ |
| तरकारी प्रवर्धन कार्यक्रम | हरितजनक्रान्ती कृषक समूह | ३००००० |
| | जकपुर सामुदायिक कृषक समूह | ३००००० |
| खाधान्न वालीको उन्नत विउ उपयोगमा मुल्य अनुदान कार्यक्रम | विभिन्न ११९३ जना कृषकहरु | ७८१७६८ |
| खायन आलु उत्पादन कार्यक्रम | वगर कृषि सहकारी संस्था | ३७५००० |
| | संगिनी कृषक समूह | ३७५००० |

| | | |
|---|---|---|
| | श्रृजनशिल कृषक समूह | ३७५००० |
| | प्रगतीशिल कृषक समूह | १८४५०० |
| ५०% सहलगानीमा नर्सरी पुस्प तरकारी/फलफुल विकास तथा प्रवर्धन कार्यक्रम | एफ.वि. वहुउदेश्यीय कृषि फर्म | २००००० |
| तरकारी पकेट विकास कार्यक्रम | नवप्रतिभा कृषि सहकारी संस्था लि. | १०६२३३२ |
| कुलवुट निर्माण | नर्ति सामुदायिक कृषि सहकारी संस्था लि. | ६६६६६६ |

५७.२ **अनुदानको उपयोग** - सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

५७.३ **मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। रु. २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

५७.४ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

५७.५ **अन्य व्यहोराहरु** -

· कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा

मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

· आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

· प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्तावबाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।

· कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

· नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

· निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशको पशु विमा नगराएको देखियो।

· अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

· अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

५८ **लघु उद्यम कार्यक्रम -** पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत विभिन्न तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरणलगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

५८.१ गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

५८.२ गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस पालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन ।

५८.३ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीलाई उद्योगको प्रकृति,

आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईनेछ । उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा कार्यालयले उद्यमीहरुलाई रु.५४२५३२ बराबरको प्रविधि हस्तान्तरण वापत रकम भुक्तानी गरेकोमा उद्यमीहरुलेले २०% ले हुने रु.१३५६३३ योगदान गर्नुपर्नेमा योगदान नभएको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,३५,६३३ |

५८.४ अन्य व्यहोराहरु -

· कार्यक्रमको भुक्तानी सम्बन्धित पार्टिहरु, प्रशिक्षकहरुलाई नभई कार्यक्रम संयोजकलाई भएको छ।

· पुनर्ताजगी तालिममा पुरानो सहभागी वा उद्यमी भएको नखुलेको ।

· प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको ।

· वितरण गर्नुपर्ने सामाग्रीहरु दाखिला वेगर वितरण गरेको ।

· गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन २०७७ बमोजिम कार्यक्रमको लागि आवश्यक्ता पहिचान यकिन गरी कार्यक्रम गर्नुपर्नेमा आवश्यक्ता पहिचान गरेको देखिएन।

· कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो।

· प्रगति प्रतिवेदन तयार नगरेको, स्रेस्ता तथा अभिलेख व्यवस्थित नराखेको ।

· गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि उद्यम सहजकर्ता नियुक्त भएकोमा पालिकाले उद्यम सहजकर्तालाई उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्मेवारी दिँदा कार्यक्रमको अनुगमन प्रभावकारी नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

५९ **डिजिटल प्रोफाइल निर्माण -** रासी गाउँपालिकाको अपांग लक्षित समुदाय सहित बिस्तृत डिजिटल प्रोफाईल **(**साझेदारीमा**)** निर्माणका लागि प्रदेश सरकारबाट रु.२०००००० बजेट बिनियोजन भएकोमा पालिकाले माहुरी नेपालसँग स्थानीय सरकार एकीकृत डिजिटल प्रोफाईल तथा ई-सिफारिस प्रणाली सफ्टवेयर जडान कार्यका लागि सम्झोता गरी रु.१३८७३९८ भुक्तानी गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

- पालिकाले माहुरी नेपालसँग रु. १९८२००० भुक्तानी गर्ने गरी मिति २०७९।९।२७ मा सम्झौता गरेको पाईन्छ । स्वीकृत कार्यक्रममा प्रोफाइल निर्माण कार्य साझेदारीमा गर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा सम्झौतामा लागत साझेदारी उल्लेख नभएकोले लागत साझेदारी नगरी सम्झौता गर्नु नियमसमत देखिएन ।
- सम्झौतामा डिजिटल प्रोफाईल तथा ई-सिफारिस प्रणाली सफ्टवेयर जडान कार्य सम्पन्न गर्नुपर्ने अवधि उल्लेख भएको छैन साथै सम्झौताको बुदा २ मा पालिकाले माहुरी नेपाललाई पेश्की स्वरुप ३० प्रतिशत रकम उपलब्ध गराउने र बाँकी ४० प्रतिशत सफ्टवेयर प्रणाली जडान पश्चात प्रतिवेदन उपलब्ध गरे वापत र बाँकी ३० प्रतिशत सम्झौता बमोजिम सम्पूर्ण काम सम्पन्न भएको एक साता भित्र भुक्तानी गर्ने उल्लेख भएकोमा पालिकाले रु.१३८७३९८ (७०प्रतिशत) भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म उक्त सफ्टवेयर जडान भएको प्रतिवेदन पेश भएन । सम्झौता बमोजिम पेश्की स्वरुपत ३० प्रतिशत र कार्यसम्पन्नको आधारमा सफ्टवेयर जडान पश्चात बाँकी ७० प्रतिशत गर्नुपर्नेमा पालिकाले एकमुष्ठ भुक्तानी दिनु नियमसंगत दखिएन । साथै उक्त सफ्टवेयर प्रणाली हालसम्म जडान भएको नेदिखएकोले जडानको प्रतिवेदन पेश गर्नुपर्दछ ।

६० **प्रधानमन्त्रि रोजगार कार्यक्रम -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

६०.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमाकार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रकादेहायबमोजिमका योजनाहरुमा सञ्चालन गरी रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| आयोजनाको नाम | वडा नं | विनियोजित बजेट | खर्च | कामदार संख्या | रोजगार दिन |
|---|---|---|---|---|---|
| खर्क देखि वगासोती र खर्क देखि खयरडाडाँ आपखोली सम्म वाटो स्तरोन्नती/विस्तार । | १ | ५७६७४१.८२ | ५७६४२३. | १० | ९९९ |
| कुथुक्के-स्यानीघोष-चिसापानी जोड्ने गोरेटे बाटो स्तरोन्नती । | २ | ५७५७१८.४१ | ५६०२६७ | १० | ९७१ |
| बसन्तापुर कृषि सडक र खुरुरिया-बुटवल रोड सडक स्तरोन्नती-विस्तार । | ३ | ५१७३८३.१६ | ५००२५९. | १२ | ८६७ |
| वडा नं. ४ (खिनैटा, मैरीघाट छेट्की लडिया , मैरिघाट) क्षेत्रमा कच्ची वाटो/कृषि बाटो स्तरोन्नती/ विस्तार । | ४ | ३७७७६०.७२ | ३७२७४१. | ९ | ६४६ |
| थकरीकोट देखि चिसाखोला तर्फ गोरेटो बाटो स्तरोन्नती/विस्तार । | ५ | ८८७५३१.५२ | ८७१८४७. | १६ | १५११ |
| थकरीकोट मूल बाटोमा कच्ची नाला निर्माण तथा बाटो स्तरोन्नती । | ५ | २८९२७०.६१ | २८७९२३. | १० | ४९९ |
| धार्मिक तथा पर्यटकीय स्थल कोहलुवा क्षेत्रको पदमार्ग स्तरोन्नती/विस्तार । | ८ | ५७०४५२.९१ | ४६९१०१. | १० | ८१३ |
| जाबुने देखि तोरे दह जाने तिर्थयात्रा गोरेटो बाटो बिस्तार तथा मूल बाटो स्तरोन्नती । | ९ | ४२१२३६.३९ | ३८५४३६. | ८ | ६६८ |
| जम्मा | | ४२१६०९५.५४ | ४०२३९९७. | ८५ | ६९७४ |

६०.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गकोलागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनु पर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ। दफा ७८ मा सम्बन्धित पालिका तथा कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेत को संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ। तर पालिकाले सोको कार्यान्वयन

गरेको छैन। यसमा सुधार हुनु पर्दछ।

६०.३ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन। सो सम्बन्धमा सुधार हुनुपर्दछ।

६१ **प्राकृतिक धुप उद्योग सञ्चालन कार्यक्रम -** प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राकृतिक धुप उद्योग सञ्चालन कार्यक्रमका लागि देहायबमोजिमका शीर्षकमा रु.१०००००० खर्च भएकोमा व्यहोरा देहायबमोजिम छन्

| शीर्षक | भुक्तानी पाउने | खर्च रु. |
|---|---|---|
| प्राकृतिक चिकित्सा तथा गौधुप उद्योग सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम | कार्यालयबाट सञ्चालित | ७९२३० |
| उद्योग सम्बन्धी सामाग्री ढुवानी र गौमंगलम र स्वस्थ रहने कला सम्बन्धी पुस्तक खरिद | | ४८२५० |
| उद्योगको लागि मेशिन खरिद | श्री कालिका सामुदायिक वन | ४०००२० |
| उद्योगको लागि आवश्यक कच्चापदार्थ खरिद | | २२०८८० |
| उद्योग सञ्चालन हुने स्थानको मर्मत सम्भार | | ३४५९८ |
| प्याकेजिङ र व्यापार प्रवर्द्धन | | २१७०२२ |
| जम्मा | | १०००००० |

**अनुदानको उपयोग** - सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । साथै सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ ।

**योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी योजना तर्जुमा गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रम सञ्चालन गर्दा दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ

६२ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १०

लाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने, चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र त्यस्तो योजनाको एक एक प्रति तालुक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएतापनि कार्यालयले वार्षिक खरिद योजना तयार गरेको छैन । नियममा व्यवस्था भए अनुसार कार्यालयले वार्षिक खरिद योजना तयार गरी खरिद व्यवस्थापन उचित ढंगले गरी नियमानुसार खरिद गर्नुपर्दछ ।

६३ **सुरक्षित नागरिक आवास -**
यस सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ।

६३.१ सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत देहायबमोजिम रकम भुक्तानी गरेको विवरण प्राप्त भएको छ ।

| आ. व | लाभग्राही संख्या | एकमुष्ठ दर रु | जम्मा भुक्तानी रु | कै |
|---|---|---|---|---|
| २०७९।०८० | ८१ | ४५००० | ३६४५०००।०० | कार्यसम्पन्नका आधारमा लाभग्राहीलाई फरक फरक दरमा भुक्तानी |
| | ७५ | - | १६७५१०२।८ | |
| जम्मा | | | ५३२०१०२।८ | |

सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/११/२१ को निर्णयानुसार गाउँपालिकामा २४६ लाभग्राही सुचिकृत भएकोमा आ.व ०७८।७९ सम्म २३९ जना लाभग्राहीले प्रथम किस्ता वापत रु.३०००० र कार्यसम्पन्न वापत अन्तिम किस्ता वापत रु.२०००० गरी रु.११४५६८९५ भुक्तानी भएको पाईयो । यसका अतिरिक्त समितिले २०७९/१०/१६ मा १०२९ लाभग्राही थपको निर्णय गरेको देखिन्छ । यस आर्थिक वर्षमा ८१ लाभग्राहीलाई प्रथम किस्ता वापत रु.४५००० का दरले ३६४५००० र ७५ जना लाभग्राहीलाई दोस्रो किस्ता वापत कार्यसम्पादनका आधारमा रु.१६७५१०२ गरी जम्मा रु.५३२०१०३ भुक्तानी भएको जनाएको छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ अनुसार प्रमाणकागजाततथा प्राविधिक प्रतिवेदन र अनुगमन गरेको राखी मात्र भुक्तानी दिनुपर्नेमा केहीमा सबै कागजात तथा फोटो नभएको समेत देखिन्छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यविधि अनुसार सबै प्रक्रिया पुर्याई तथा कागजात संलग्न गरी शुरुमै छनौट भएका लाभाग्राहीलाई समयमै कार्यसम्पन्न गराई मात्र भुक्तानी दिनुपर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्होराहरु देहायबमोजिम छन् ।

६३.२ **सुविधा -** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

६३.३ **कार्य प्रगति -** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन

प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत: कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

६४ **वर्षान्तमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ ।

६५ **सोलार तथा ब्याट्री खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियम १० मा लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्ने व्यवस्था छ। पालिकाले सौर्य बत्ती जडान कार्यका लागि न्यू ज्योती ईनर्जी प्रा लिसंग रु.४५८९१८।०० को सम्झौता गरी विभिन्न सोलार सामाग्री खरिद तथा जडान गरेको भुक्तानी गरेको छ । सो मध्ये १५० ए.एच १२ भोल्टको सोलार ट्युवलर ब्याट्रीको जिल्ला दररेट रु.२४५००।०० रहेकोमा रु.३०५००।०० मा र ५० वाट सोलार प्यानेलको रु.४५५०।०० रहेकोमा रु.५९४०।०० मा खरिद गरेको पाइयो । यसरी जिल्ला दररेटमा बढी हुने गरी खरिद भएको २ थान १५० ए.एच ब्याट्रीको मूअकर सहित रु.१३५६०।०० र १३ थान ५० वाट सोलार मोडयुलको मूअकर सहित रु.२०४२० गरी रु.३३९८०।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,९८० |

६६ **ल्याप्टप सामाग्री खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष विभिन्न बजेट शिर्षक तथा कार्यक्रमबाट ल्याप्टप सामाग्री विभिन्न आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको छ। नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसार ल्यापटप लगायतका सामाग्री सोझै खरिद गरेको पाईयो । सो बाहेक समेत पालिकाले विभिन्न कार्यक्रम तथा शिर्षकबाट टुक्रा टुक्रा गरी खरिद गरेको छ । यसरी प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्ने रु.

| भौ नं | आपूर्तिकर्ता | खरिद विवरण | रकम रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६९।०८०।३।१८ प्रदेश विशेष | आई. टि. सप्लायर्स | अतिरिक्त कक्षाका लागि १४ लेनेभो ल्याप्टप सामाग्री | ९९९६०० |
| ३१६।०८०।३।२४ | अप्टिक इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स | २ थान ल्यापटप सामाग्री | १२७५०० |
| ११२१।३।२३ | के पीएस कम्पुटर एण्ड सप्लायर्स | एसर ल्यापटप समेत सामाग्री | ११९५९९ |
| ४९।०८०।३।१८ ( प्रदेश शशर्त चालु) | ग्रेसी इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | लेनेभो ल्यापटप सामाग्री समेत | ९२८२०० |
| | | | २१७४८९९ |

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

| | |
|---|---|
| अनियमित भएको | २१,७४,८९४ |

६७ **कोटेशन मार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी कोटेशनको माध्यमवाट पटक पटक खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

| भुक्तानी पाउने | ठेक्का/ कार्यको नाम | लागत अनुमान रु. | सम्झौता रु | भुक्तानी रु. |
|---|---|---|---|---|
| न्यू अम्बे निर्माण सेवा | वडा नं ५ करङ्गेकोट देखि उत्तर पुर्व अन्तरगतका वाटोहरुमा पहिरो हटाउने र वाटो मर्मत | ९५१३२५.१९ | ९४६१४४.३ | ९४४९६४.५३ |
| सन्तोषी निर्माण सेवा | Electrification, Sanitary, Water Supply and Alumunium partitation | ९६०२४२.५२ | ९५६९११.४ | ९५००५८.३४ |
| चिरन कन्सट्रक्सन | Finishing work of Prefab building at bhalubang hospital | ९७०९५३.८६ | ९६६३९८.९ | ९६३७४४.९१ |
| अलिक्षा निर्माण सेवा | वडा नं ५ करङ्गेकोट देखि पच्चिम अन्तरगतका वाटोहरुमा पहिरो हटाउने र वाटो मर्मत | ५१०१४४.६६ | ५०२६८१.३ | ५०१६०१.१९ |
| भद्राक्षी निर्माण सेवा | River traing works of Dolai khola at Downstram Side(CH240-276) | ९७१४११.५६ | ९६५७५५.४ | ९४३८२६.८५ |
| भद्राक्षी निर्माण सेवा | River traing works of Dolai khola at Downstram Side(CH276-291) | ७६६७३६.०३ | ७५९७८३.२ | ७५५६५८.९१ |
| कालिमाई निर्माण | Dolai khola River traing works(CH291-327) | ९७२३९०.४८ | ९६३२८२.१ | ९५८५३६.०६ |

| | | | | |
|---|---|---|---|---|
| सेवा | | | | |
| रबि निर्माण सेवा | मसुरीया खेत जाने कुमरान डगरमा पर्ने साने नदीमा फडके निर्माण | - | २८७००६ | २८५२५३ |

६८ **भ्याकसिन भण्डारण रेफिरजेटर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । सशर्त पूजिगतर्फ Inj.Oxytocin भण्डारणका लागि युनाइटेड मेडिको कन्सर्नबाट रु.३९३२४०।०० मा ILR Refrigerator HAIER HBC-80 सोझै खरिद गरेको पाईयो । उक्त सामानको आधिकारिक विक्रेता र वारेन्टी सम्बन्धमा समेत उल्लेख गरेको पाईएन । पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाईन वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । पालिकाले मितव्ययियता कायम हुने गरी प्रतिस्पर्धात्मक रुपले खरिद गर्नुपर्दछ ।

६९ **डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ.नं. | योजना | भुक्तानी पाउने | खर्च रु. |
|---|---|---|---|
| २७।२०८०।२।१२ | निलसागर सेवा आश्रम भवन निर्माण डि.पि.आर | संग्रिला कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ३९७७६० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

७० **परामर्श खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नम्स बमोजिम तयार गर्नु पर्दछ । साथै नम्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्ने तर्फ समेत विचार गर्नु पर्दछ । पालिकाले यस वर्ष स्वीकृत बार्षिक कार्यक्रम तथ कन्टिन्जेन्सी रकमबाट कार्य गराई परामर्शदातालाई भुक्तानी गरेको छ । उक्त प्रतिवेदनहरु कार्यान्वयनमा आउनु पर्दछ । पालिकालले मध्यमकालीन आवधिक योजना जस्ता कार्यहरु आन्तरिक रहेकोले कर्मचारी र पालिकाका पदाधिकारीले गर्नुपर्नेमा परामर्शबाट गराएको उचित देखिएन । परामर्श सेवा तथा डिपिआर खर्च सम्बन्धि देखिएका अन्य व्हयोरा देहाय अनुसार रहेका छन्।

| परामर्श खर्चको विवरण | | | | |
|---|---|---|---|---|
| परामर्शदाताको नाम | कार्यको विवरण | लागत अनुमान | सम्झौता र भुक्तानी रकम | जम्मा भुक्तानी |

| | | | | |
|---|---|---|---|---|
| संग्रिला कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | निलसागर आश्रम भवन निर्माण राप्ती गापा ८ | ३९७७६० | ३९७७६० | ३९७७६० |
| फोरसाईट कन्सल्ट एण्ड कन्स्ट्रक्सन | राप्ती गापा १ भालुभाङ्ग नमुना आँपखोली खापाआ | ३९९१५७ | ३९८३२५ | ३९८३२५ |
| बिरु कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन (प्रा. लि.) | लालमटिया खा.पा योजना देउखुरी राप्ती गा.पा - २ दाङ | ३९९१५७ | ३९८३२५ | ३९८३२५ |
| डि आर एस डेभलपर्स एण्ड डिजाइनर्स प्रा लि | आवधिक योजना निर्माण साझेदारी | १४९९६६० | १४९२७३० | १४९२७३० |
| स्मार्ट की कन्सल्ट प्रा. लि. | कन्ट्रोल पोईन्ट स्थापना | | | ८६९९९२ |
| के.एस.एम. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.१ | भुकी सेवा केन्द्रको लागि वडा नं ४ ५ र ८ को कन्ट्रोल पोईन्ट जडान | | | ११३०४१२ |

- यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयका प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।
- परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन ।
- पालिकाले प्रत्येक वर्ष विभिन्न डिपिआर गरी परामर्श सेवामा खर्च गर्ने गरेकोमा निर्माण कार्य तर्फ सडक तर्फ कालोपत्रे पिच तथा नाला सहितको डिपिआर रहेकोमा पालिकाले सोही अनुसार बजेट विनियोजन नगरी न्यून बजेट मात्र विनियोजन गरी सानो ठेक्का लगाई ग्राभेल तथा सववेशको कार्य मात्र गरेको उचित देखिएन । यसरी टुक्रे कार्य गरेको देखिदा डिपिआर खर्चको औचित्य देखिदैन ।
- डिपिआर अनुसार ठेक्का मार्फत विकास निर्माणको कार्य देखिने गरि ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सिलबन्दी र कोटेशन मार्फत टुक्रे कार्य गरेको उचित देखिएन ।
- पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा reimbursable Item मा रहेको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । विल वेगर भुक्तानी भएकोले सोको प्रमाण पेश पर्दछ।
- **टाईम सिट तथा फिल्ड वर्क -** परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको सम्झौता विपरित देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।
- **डेलिभरेबल्स -** सम्झौता अनसारका ३ सेट सबै प्रतिवेदनहरु कलर कपीमा दिनुपर्नेमा सो समेत पेश भएको नदेखिएकोले यस तर्फ पालिकाले एकीन गरी सम्झौता अनुसार तोकिएको परिमाणमा रिपोर्ट प्रति नदिएकोमा कट्टी गरी मात्र भुक्तानी गर्नुपर्दछ ।

पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

७१ **राजधानी व्यवस्थापनका लागि अनुदान -** यस सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ।

७१.१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत राजधानी व्यवस्थापनका लागि अनुदान अन्तर्गत देहायबमोजि रु.२५०००००० खर्च भएकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

| विवरण | खर्च रकम |
|---|---|
| प्रदेश राजधानी क्षेत्र सरसफाई खर्च | ५०८७०५ |
| स्थायी राजधानीबाट कार्य सुभारम्भ कार्यक्रम खर्च | ४६०२०९ |
| राजधानी क्षेत्रमा सडक वत्ति जडान | ३२६२८७ |
| राजधानी सम्बन्धी सहित तथा विविध कार्यक्रम सञ्चालन हुने हलमा AC जडान | ९५८६९९ |
| मर्मत तथा मसलन्द खर्च | ५७५१० |
| अतिथि सत्कार खाजा खाना सहित अन्य विविध | १८८५९० |
| जम्मा | २५००००० |

७१.२ **अनुत्पादक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुदान वापत प्राप्त रकमबाटठूलो हिस्सा सरसफाई, AC जडान, मसलन्द तथा अतिथि सत्कारमा खर्च गरेको पाईयो । पालिकाले अनुदान खर्च गर्दा दीर्घकालीन पूँजी निर्माण हुने र स्थानी पूर्वाधार विकासमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७१.३ **लागत अनुमान तयार नगरी खरिद कार्य भएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६(३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः पालिकाबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

७२ **संघ विशेष अनुदान -** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

७२.१ **संघ विशेष अनुदान शिक्षामा पहुँच, समावेशिकरण र गुणस्तर सुधार परियोजना -** पालिकाले प्रविधिमैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशिकरण र गुणस्तर सुधार परियोजनाका लागि संघिय सरकारलाई प्रस्ताव पेश गरी रु.१ करोड ४० लाख अनुदान पाएकोमा रु.९९४९१५५।०० खर्च गरेको छ । उक्त अनुदान अन्तर्गत अधिकांश कार्यक्रम तालिम संचालन, साधारण मर्मत सम्भार तथा

विद्यालयलाई जिन्सी वित्तरण तथा हस्तान्तरण गरेक कार्य रहेको पाईयो । विशेष अनुदानको कार्यक्रममा तालिम संचालन र सामाग्री खरिद तथा वित्तरणका साथै भत्ता, अनुगमन र अन्य विविध खर्च समेत भएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्:

७२.२ **बजेट र कार्यक्रम -** पालिकाले शिक्षामा पहुँच, समावेशिकरण र गुणस्तर सुधार परियोजनाका लागि संघिय सरकारलाई प्रस्ताव पेश गरी विशेष अनुदानको रकम विद्यालयलाई देहाय अनुसारका सामाग्री खरिद गरी वित्तरण गरेको छ । पालिकाले खरिद गरेका सामाग्रीहरुको हस्तान्तरण र विद्यालयको दाखिला प्रतिवेदन स्रेस्ता साथ संलग्न नरहेकोमा औंल्याएपछि मात्र विद्यालयलाई हस्तान्तरण गरे अनुसारको विद्यालयको दाखिला प्रतिवेदन माग गरेकोले यस सम्बन्धमा पालिकाले विद्यालयमा सामाग्री जडान तथा प्रयोग सम्बन्धमा अनुगमन समेत गर्नुपर्दछ । पालिकाले अधिकांश खरिद कार्य असार मसान्तमा सोझै खरिद गरेको छ । साथै पालिकाले साधारण बजेट शिर्षकबाट गर्न सक्ने मर्मत तथा निर्माण कार्यमा विशेष बजेट खर्च गर्नु उपयुक्त देखिएन । उक्त कार्यक्रम अन्तर्गत भएका कार्यक्रम तथा खर्चको विवरण देहाय अनसार रहेको छ ।

| सि. नं | क्रियाकलाप | विवरण | बजेट | खर्च रु. |
|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयहरुमा कक्षा बाल विकास देखि ३ सम्म श्रब्यदृष्य सामाग्री सहयोग कार्यक्रम | टेलिभिजन खरिद गरी विद्यालयमा हस्तान्तरण | ९५८००० | ९५७००० |
| २ | प्रधानाध्यापकहरुका लागि ल्यापटप वित्तरण कार्यक्रम | ल्यापटप खरिद १४ थान | ९९९७२३ | ९९९६०० |
| ३ | विद्यालयलाई सिसि क्यामेरा सहयोग कार्यक्रम | सिसि क्यामेरा | १००००० | ९९९८९ |
| ४ | सामुदायिक विद्यालयहरुमा डेस्कटप र प्रिन्टर वित्तरण कार्यक्रम | ६ थान डेस्कटप र ६ थान प्रिन्टर | ७०२००० | ६९९६०० |
| ५ | विद्यालयहरुमा खानेपानी व्यवस्थापन कार्यक्रम | प्राविधिकलाई भुक्तानी | ५०००० | ४५८५५ |
| ६ | सामुदायिक विद्यालयहरुमा संगित सामाग्री वित्तरण कार्यक्रम | ११/ ११ थान मादल सारंगी गिटार साउन्ड सिस्टम आदी | ९८७८७७ | ९८७८७४ |
| ७ | अतिरिक्त कक्षा सञ्चालन कक्षा ८ र १० गणित विज्ञान र अंग्रेजी विषय सहयोग कार्यक्रम | १४ वटा विद्यालयमा | ९९२००० | ९८५००५ |
| ८ | युवा लक्षित सिप अभिवृद्धि कार्यक्रम | | ४९५००० | ४९५००० |
| ९ | सामुदायिक विद्यालयमा अक्षर सुधार कार्यक्रम | २ विद्यालयमा १०३७ विद्यार्थिको रु.३९७ का दरले<br>डिभाइन इन्स्टिच्यूट | ४००००० | ४००००० |
| १० | भर्ना अभियान सञ्चालन पालिका वडा र विद्यालय कार्यक्रम | वडा सचिवको खातामा रकम पठाएको | २१०९०० | १८९४४५ |

| | | | | |
|---|---|---|---|---|
| ११ | माध्यमिक तथा आधारभुत विद्यालयहरुमा खेलकुद सामाग्री सहयोग कार्यक्रम | भलिबल फुटबल क्रिकेट ब्याडमिन्टन ज्याभलिंग आदि सामाग्री | ९५१५०० | ९४०५७८ |
| १२ | दृटिविहिन बालबालिकाहरुका लागि छात्रावास निर्माण कार्यक्रम | निर्माण कार्य | १०४०००० | १०३८९६४ |
| १३ | सामुदायिक विद्यालयहरुमा फर्निचर सहायता कार्यक्रम | २ विद्यालयलाई डेस्क बेन्च खरिद गरि वित्तरण | ९९६००० | ९९२१४० |
| १४ | जनज्योती आ वि मा खेल स्थलको छाना व्यवस्थापन कार्यक्रम | निर्माण कार्य | २९०००० | २८६९७९ |
| १५ | बाल कल्याण आ वि को शौचालय तथा पुरानो छानाको जस्ता परिवर्तन कार्यक्रम | निर्माण कार्य | १६७००० | १६६८४२ |
| १६ | सामुदायिक विद्यालयमा कार्पेटिङ तथा बसाई व्यवस्थापन र प्रशासनिक खर्च | | ६६०००० | ६६४२८४ |
| | जम्मा | | १००००००० | ९९४९१५५ |

- **वर्षान्तमा खरिद कार्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा देहायनुसारका सामाग्रीहरु खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा कोटेशन माग गरी सोझै खरिद गरेकोमा अधिकांश खरिद तथा निर्माण कार्य असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले गरेको देखिन्छ । वर्षान्तमा हुने निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुन्छ । त्यसैले पालिकाले खरिद योजना बमोजिम चौमासिकगत रुपमा खर्च गर्नुपर्दछ ।
- सोझै खरिद-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले यस संघिय शिक्षा विशेष अनुदान खर्च गर्दा प्रतिस्पर्धि प्रक्रिया नअपनाई डेस्कटप, ल्यापटप, प्रिन्टर, टेलिभिजन र फर्निचर तथा अन्य जिन्सी सहायता सामाग्रीहरुका लागि खरिद कार्यको प्याकेजिंग गरी बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा सो नगरी विभिन्न कोटेशनबाट सामाग्रीहरु खरिद गरेको छ । यसरी खरिद गर्दा प्रतिस्पर्धि र मितव्ययीयता अपनाएको देखिएन । पालिकाले प्रतिस्पर्धि र मितव्ययी रुपले अनुदानको रकम खर्च गर्नुपर्दछ ।
- **भर्ना अभियान सञ्चालन -** पालिकाको शिक्षा शाखाबाट संचालन भएको उक्त कार्यक्रमका लागि विद्यार्थि भर्ना अभियानका लागि वडाका सचिवहरुको खातामा रकम पठाई भर्ना अभियान संचालन गरेकोमा अधिकांश विल र भरपाईहरु राखी रकम सोधभर्ना दिइएको छ । विद्यार्थी भर्ना विद्यालय तथा पालिकाको नियमित कार्य रहेकोमा सोका लागि समेत खर्च खर्च उचित देखिएन । यस्तो खर्चमा

नियन्त्रण हुनुपर्दछ ।

- सामुदायिक विद्यालयमा अक्षर सुधार कार्यक्रम -पालकाले संघ विशेष शिक्षामा पहुँच कार्यक्रमका लागि विद्यालयमा अक्षर सुधार कार्यक्रमका लागि २ विद्यालयमा १०३६ विद्यार्थीका लागि प्रति विद्यार्थी रु ३९७।०० का दरले रु.४ लाख एक संस्थालाई अक्षर सुधार कार्यक्रम वापत भुक्तानी गरेको देखिन्छ । पालिकाले यस्तो कार्य विद्यालयबाट नै नियमित रुपमा गराउनुपर्दछ ।पालिकाले उक्त कार्य सोझै कोटेशन मार्फत प्रस्ताव माग गरी मूल्य अभिवृद्धि करमा दर्ता नभएका डिभाइन ईन्सटिच्यूटसंग सम्झौता गरी १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिएको छ । पालिकाले मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग सम्झौता गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ । पालिकाले उक्त कार्य साथै पालिकाले प्रति विद्यार्थी दरको सट्टा पालिकाका सबै विद्यालयमा कार्यक्रम गर्ने गरी उक्त रकममा सम्झौता गरेर कार्यक्रम संचालन गर्नुपर्नेमा प्रति विद्यार्थीका दरले सम्झौता गरेको उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुका साथै मितव्ययी रुपमा सम्झौता गरी खर्च गर्नुपर्दछ ।

७२.३ **सामाग्री सहायता तथा अभिलेख -** पालिकाले यस कार्यक्रम अन्तर्गत अधिकांश बजेट सामाग्री खरिद र जिन्सी सहायतामा गरेको देखिन्छ । पालिकाबाट तथा संघिय र प्रदेश सरकारबाट समेत उक्त कार्यहरुका लागि नियमित बजेट विनियोजन हुने गरकोमा असार मसान्तमा ल्यापटप, टेलिभिजन, फर्निचर, स्टेशनरी, सांगितिक सामाग्री आदी खरिद गरी खर्च लेखेको उपयुक्त देखिएन । पालिकाले यस तर्फ संघ विशेष कार्यक्रमबाट विद्यालयहरुमा सामाग्री सहायताका लागि रु.५६ लाख ७३ हजार खर्च २०८० असारमा लेखेको छ । सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद योजना बनाई प्रतिस्पर्धात्मक विधि अपनाएर वार्षिक कार्यक्रम अनुसार खरिद कार्य गर्नुपर्नेमा वर्षान्तमा यसरी सोझै खरिद गरेको नियमानुसार देखिएन ।यसरी विशेष अनुदानको रकम उद्धेश्य प्राप्त हुने गरी कार्य गर्नुपर्नेमा अधिकांश रकम खरिद कार्यमा खर्च गरेको उपयुक्त देखिएन । पालिकाले कार्यक्रम अनुसारको उद्धेश्य प्राप्त हुने गरी खर्च गर्नुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाबाट खरिद भएका विद्यालयलाई हस्तान्तरित सामाग्रीको अभिलेख राख्नुपर्नेमा सो अनुसार हस्तान्तरणको अभिलेख, विद्यालयको जिन्सी दाखिला तथा सोको अनुगमन सम्बन्धि अभिलेख राखेको पाईएन। यससम्बन्धमा लेखपरीक्षणमा औंल्याएपछि मात्र शिक्षा शाखाबाट विद्यालयहरुको हस्तान्तरण अनुसारको विद्यालयको दाखिला अभिलेख आंशिक रुपमा पेश गरेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । यससम्बन्धमा उक्त सामाग्रीको हस्तान्तरण, जडान तथा प्रयोगको सम्बन्धि अनुगमन गरी सोको अभिलेख पेश गर्नुका साथै पालिका कार्यक्रम, खर्च र उपलब्धि प्राप्ति सम्बन्धमा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

७२.४ **विल भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । दृष्टिविहिन बालबालिकाका लागि छात्रावाष कार्यक्रमका लागि रु.१०४०००० विनियोजन गरी रु.१०३८ ९४६।०० भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको सामाग्रीमा भ्याट समेतको भुक्तानी गरेकोमा प्यान विल पेश भएकोले देहाय अनुसार मूअकर असुल गर्नुपर्ने रु.

| | **भुक्तानी प्यान विलको** | **मूअकर** | |
|---|---|---|---|
| सेनिटरी वर्कस | ५०००० | ५७५२ | |

| | | | |
|---|---|---|---|
| ईलेक्ट्रिक वर्कस | ९३००० | ३५६५ | रु.१०७०० को भ्याट विल हुनुपर्नेमा रु.७१३४ को मात्र पेश |
| टाईल | ४०००० | ४६०० | |
| | | १३९१७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,९१७ |

७३ **प्रदेश समपुरक -** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

७३.१ **घटी योगदान -** समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ मा सम्बन्धित कार्यक्रम। आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम र ५० प्रतिशत स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सोही कार्यविधिमा संभाव्यता अध्ययन पेश गरी अनुदान माग गर्नु पर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका प्रदेश सरकारबाट रु.१ करोड ५० लाखबजेट विनियोजन भएकोमा प्रदेश समपुरकबाट रु.१४६४८६८२।०० खर्च गरेकोमा पालिका तर्फबाट रु.१३९७९९५६।०० मात्र खर्च भएकोले प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु.

| खर्च श्रोत | चक्रपथ निर्माण | नवप्रभात स्कूल सडक २ ठेक्का | कुल खर्च | पालिकाबाट घटी समपुरक रकम |
|---|---|---|---|---|
| पालिका | ५२३९९५६ | ३२६०००० | ९४७९९५६ | ६६८७२६ |
| | | ९८०००० | | |
| पालिकाबाट २०८०।८१ मा भुक्तानी बाँकी | ४५००००० | ० | ४५००००० | |
| पालिकाको जम्मा | | | १३९७९९५६ | |
| प्रदेश समपुरक | ९७१६२११ | ३२६२३९४ | १४६४८६८२ | |
| | | १६७००७७ | | |
| जम्मा खर्च | १९४५६१६७ | ९१७२४७१ | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६८,७२६ |

७३.२ **समपुरक बचतबाट पुन: ठेक्का -** प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यविधि तथा लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयको परिपत्र बमोजिम प्रदेश सरकारबाट हस्तान्तरित आयोजनाको बचत रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । उक्त परिपत्र अनुसार प्रदेश सरकारबाट दिईएको अनुदान उक्त आयोजना तथा कार्यक्रममा बोलपत्र घटाघट भई प्रस्तावित लागत अनुमान भन्दा कम रकममा सम्झौता भई आयोजना तथा कार्यक्रममा बचत रकमबाट पुन: ठेक्का सम्झौता वा उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने व्यवस्था रहेको उल्लेख छ । पालिकाले प्रदेश समपुरक अनुदान तर्फ नवप्रभात स्कुल रोडका लागि रु.५० लाख विनियोजन भएकोमा प्रथम ठेक्का NCB-03/79.80 बाट रु.९७४०७३१।०० को लागत अनुमानमा अम्बे निर्माण सेवासंग

रु.६३७६१०९।०० मा सम्झौता गरेकोमा उक्त ठेक्काको बचत रकमबाट पालिकाले पुन:सोही योजनाका लागि NCB-13/79.80 बाट रु.३८५२२३६।०० को लागत अनुमान तयार गरी प्रकास निर्माण सेवासंग रु.२८२८४३७।०० को सम्झौता गरी प्रदेश समपुरकको बजेट रु.१६७००७७।२२ समेत रु.२८२८४३२।०० खर्च गरेकोले बढी खर्च भएको उक्त रकम प्रदेश सरकारलाई फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,७०,०७७ |

७४ **ठेक्का नं NCB-02/79-80 रासी चक्रपथ (बसन्तापुर खुरुरीया खण्ड ) प्रदेश समपुरक -** रासी चक्रपथ अन्तर्गत बसन्तापुर खुरुरीया खण्डका लागि ठेक्का नं NCB-02/79-80 बाट रु.२०५७०५०९।९९ (भेरिएसन लागत अनुमान रु.२४३४९००९।३२)को लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायी भिजन निर्माण सेवासंग रु.१६०५५२१४।७६ मा २०७९।९।१ मा सम्झौता गरेकोमा भेरियएन गरेर रु.१९४६४६२३।२८ कायम गरी रु.१९४५७२५३।७५ भुक्तानी गरी २०८०।३।१५ मा कार्य सम्पन्न गरेको छ । निर्माण व्यवसायीले निर्माण कार्यको सामाग्रीहरु गुणस्तर परिक्षण गर्नुपर्नेमा केही सामाग्रीको मात्र ल्याब टेस्ट गरेको पाईयो । सम्झौता अनुसार टेन्साईल टेस्ट, बिटुमीन तथा अन्य टेस्ट समेत गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

७४.१ **समपुरक योजनामा भेरिएसन -** लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयको परिपत्र तथा प्रदेश समपुरक सम्बन्धि कार्यविधिमा निर्माण कार्यको सम्झौतामा भेरिएसन भए सम्बन्धित पालिकाको स्रोतबाट नै थप भार पर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस बसन्तापुर खुरुरीया खण्डका लागि ठेक्का नं NCB-02/79-80 को लागि रु.२०५७०५०९।९९ को लागत अनुमान तयार गरी रु.१६०५५२१४।७६ को सम्झौता गरेकोमा समपुरक बजेटको बचत रकम भएकोमा भेरिएसन गरी रु.२४३४९००९।३२ को लागत अनुमान तयार गरेर सम्झौता रकम रु.१९४६४६२३।२८ कायम गरी रु.१९४५७२५३।७५ भुक्तानी दिएको छ । उक्त कार्यसम्पन्न भुक्तानी रकम शुरु सम्झौता भन्दा रु.३४०२०३८।०० रहेको छ । यसरी सम्पूरक रकम खर्च गर्न कार्यविधि विपरित भेरिएसन गरी खर्च गरेको नियम अनुसार देखिएन । प्रदेश सरकारबाट हस्तान्तरित बजेटबाट भेरिएसन गरी सम्पूर्ण रकम खर्च गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

७४.२ **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएशन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले पूर्वानुमान गर्न सकिने सडकको चौडाई बढाउने (दायाँ र बाँया गरी ६।६ मीटरको सडकको लागत अनुमान गरेकोमा ८।८ मीटर सम्म चौडाई बढाउने) तथा नाली निर्माण जस्ता कार्यका लागी सम्बन्धित सववेश, बेश, प्रिमिक्स, कन्क्रिटका कार्यहरुको सम्बन्धित आईटमको परिमाण बढाई शुरु सम्झौतामा २१.२४ प्रतिशतले वृद्धि हुने गरी रु.३४०९४०८।०० को थप सम्झौता रकम भेरिएसन गरेको देखिन्छ । यसरी नियमावली विपरित पूर्वानुमान गर्न सकिने कार्यका लागि बजेट खर्च गर्ने प्रयोजनले भेरिएसन गरेको नियमानुसार देखिएन । यससम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

उक्त सम्झौता अनुसार सडको लम्बाई ७२९ मीटर रहेकोमा भेरिएसन गरेर सडको चौडाई बढाई सो भन्दा घटी लम्बाई अर्थात ५२९ मीटरको सडक मात्र निर्माण भएको छ । साथै भेरिएसन पश्चात समेत केही आईटममा सो भन्दा बढी हुने गरी नापी र भुक्तानी गरेको देखिन्छ । भेरिएसन सम्बन्धि कानुन अनुसार मात्र भेरिएसन गरी

कार्य गराउनुपर्दछ ।

७४.३ **बढी पेश्की -** सम्झौताको शर्त SCC 57.1 अनुसार निर्माण व्यवसायीलाई सम्झौता रकम रु.१६०५५२१४।७६ को १० प्रतिशतले बढीमा रु.१६०५५२१।०० दिनुपर्नेमा पालिकाले सम्झौता भन्दा बढी हुने गरी रु.२७५००००।०० अर्थात रु.११४४४७९।०० बढी दिएको पाईयो । उक्त पेश्की रकम आर्थिक वर्षको अन्त्यमा फर्छ्यौट भएको देखिन्छ । पालिकाले सम्झौता भन्दा बढी नहुने गरी निर्माण व्यवसायीलाई पेश्कि दिनुपर्दछ ।

७४.४ **विमा -** सम्झौताको शर्त SCC 19.1 अनुसार निर्माण व्यवसायीले सम्झौताको शुरु अवधि देखि नै विमा गर्नुपर्ने प्रावधान रहेकोमा निर्माण व्यवसायी भिजन निर्माण सेवाले ठेक्काको सम्झौता अवधि सकिए पछि पछाडिको मितिमा विमा गरी रु.५८९०८।०० भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९०८ |

७४.५ **कार्यसम्पादन जमानत -** निर्माण व्यवसायी भिजन निर्माण सेवाले सम्झौताको शर्त SCC 58.1 अनुसार शुरुको सम्झौता अनुसार रु.१५१८०००।०० कार्यसम्पादन जमानत राखेकोमा भेरिएसन पश्चातको लागत अनुमान र सम्झौता अनुसार रु.१५८९२५०।०० राख्नुपर्ने भएकोले रु.७१२५०।०० को कार्य सम्पादन जमानत रकम थप हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,२५० |

७४.६ **पोल सार्ने कार्य-**निर्माण कार्यको सम्झौतामा Relocation Of Pole का लागि विल अफ क्वान्टिटीमा रु.३ लाख व्यवस्थापन गरेकोमा सोही रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । उक्त कार्यको लागि प्रति पोल सार्न लाग्ने लागत अनुमान तयार गरी भुक्तानी दिनुपर्नेमा सो वेगर भुक्तानी गरेको मिलेन ।लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी हुनुपर्दछ ।

७५ **नवप्रभात स्कुल जाने बाटो स्तरोन्नतीका -** नवप्रभात स्कुल जाने बाटो स्तरोन्नतीका लागि ठेक्का नं NCB-03/79-80 बाट रु.९७४०७३१९३ (भेरिएसन लागत अनुमान रु.१०३२४१५६।६२)को लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायी न्यू अम्बे निर्माण सेवासंग रु.६३७६१०९।८८ मा २०७९।७।२९ मा सम्झौता गरेकोमा भेरियएन गरेर सम्झौता रकम रु.६५९८५९४।६७ कायम गरी रु.६५२२३९४।७८ भुक्तानी गरी २०८०।१।२० मा कार्य सम्पन्न गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

**भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएशन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले पूर्वानुमान गर्न सकिने सडकको चौडाई बढाउने (दायाँ र बाँया गरी ५।५ मीटरको सडकको लागत अनुमान गरेकोमा ५.५।५.५ मीटर सम्म चौडाई बढाउने) तथा नाली निर्माण जस्ता कार्यका लागी सम्बन्धित सववेश, बेश, प्रिमिक्स, कन्क्रिटका कार्यहरुको सम्बन्धित आईटमको परिमाण बढाई शुरु सम्झौतामा ३.४९ प्रतिशतले वृद्धि हुने गरी रु.२२२४८४।८० को थप

सम्झौता रकम भेरिएसन गरेको देखिन्छ । यसरी नियमावली विपरित पूर्वानुमान गर्न सकिने कार्यका लागि बजेट खर्च गर्ने प्रयोजनले भेरिएसन गरेको नियमानुसार देखिएन । यससम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

**गुणस्तर परिक्षण -** निर्माण व्यवसायीले निर्माण कार्यको सामाग्रीहरु गुणस्तर परिक्षण गर्नुपर्नेमा केही सामाग्रीको मात्र ल्याब टेस्ट गरेको पाईयो ।खरिद नियमावली तथा सम्झौता अनुसार निर्माण कार्य तथा सामाग्रीको तोकिए अनुसारको गुणस्तर परिक्षण गर्नुपर्दछ ।

७६ **ठेक्का नं NCB-12/78-79 रासी चक्रपथ (बसन्तापुर खुरुरीया खण्ड ) संघ समपुरक -** रासी चक्रपथ अन्तर्गत सिसहनिया देखि भानपुर सडक खण्ड लागि ठेक्का नं NCB-12/78-79 बाट रु.७८१८५२८०।२१ (भेरिएसन लागत अनुमान रु.९४३८७३३९।५१)को लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायी पिके।भाग्यलक्ष्मी जेभीसंग रु.४१७८७८४०।४५ मा २०७८।११।२३ मा सम्झौता गरेकोमा भेरियएन गरेर रु.५१८६८२३९।३६ कायम गरी रु.५१८६५६१५।८५ मा कार्य सम्पन्न गरेको देखिन्छ । निर्माण व्यवसायीले निर्माण कार्यको सामाग्रीहरु गुणस्तर परिक्षण गर्नुपर्नेमा केही सामाग्रीको मात्र ल्याब टेस्ट गरेको पाईयो । सम्झौता अनुसर टेन्साईल टेस्ट, बिटुमीन तथा अन्य टेस्ट समेत गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

७६.१ **समपुरक योजनामा भेरिएसन -** लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयको परिपत्र तथा प्रदेश समपुरक सम्बन्धि कार्यविधिमा निर्माण कार्यको सम्झौतामा भेरिएसन भए सम्बन्धित पालिकाको स्रोतबाट नै थप भार पर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस बसन्तापुर खुरुरीया खण्डका लागि ठेक्का नं NCB-12/78-79 को लागि रु.७८१८५२८०।२१ को लागत अनुमान तयार गरी रु.४१७८७८४०।४५ को सम्झौता गरेकोमा समपुरक बजेटको बचत रकम भएकोमा भेरिएसन गरी रु.९४३८७३३९।५१ को लागत अनुमान तयार गरेर सम्झौता रकम रु.५१८६८२३९।३६ कायम गरी रु.५१८६५६१५।८५ भुक्तानी दिएको छ । उक्त कार्यसम्पन्न भुक्तानी रकम शुरु सम्झौता भन्दा रु.४६७७७७५।४० रहेको छ । यसरी सम्पूरक रकम खर्च गर्न कार्यविधि विपरित भेरिएसन गरी खर्च गरेको नियम अनुसार देखिएन । संघिय सरकारबाट हस्तान्तरित बजेटबाट भेरिएसन गरी सम्पूर्ण रकम खर्च गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

७६.२ **भेरिएसन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी ऐनको दफा ५४ मा तोकिएको अधिकारीले भेरिएशन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले पूर्वानुमान गर्न सकिने सडकको चौडाई बढाउने (दायाँ र बाँया गरी ६.५।६.५ मीटरको सडकको लागत अनुमान गरेकोमा ८।८ मीटर सम्म चौडाई बढाउने) तथा नाली निर्माण जस्ता कार्यका लागी सम्बन्धित सववेश, बेश, प्रिमिक्स, कन्क्रिटका कार्यहरुको सम्बन्धित आईटमको परिमाण बढाई शुरु सम्झौतामा २४.१२ प्रतिशतले वृद्धि हुने गरी रु.१००८०३९८।९१ को थप सम्झौता रकम भेरिएसन गरेको देखिन्छ । यसरी नियमावली विपरित पूर्वानुमान गर्न सकिने कार्यका लागि बजेट खर्च गर्ने प्रयोजनले भेरिएसन गरेको नियमानुसार देखिएन । यससम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

७६.३ **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा सम्झौतामा उल्लेख गर्न सकिने व्यवस्था रहेको छ । मुल्य समायोजन भुक्तानी दिदाँ

सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी) को आधारमा दिनुपर्ने हुन्छ । पालिकाले निर्माण व्यवसायीसंग सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्दा पेश भएको रनिंग विल अनुसारको समयको करेन्ट इन्डेक्स गलत लिई मूल्य समायोजन गणना गरी भुक्तानी दिंदा देहाय अनुसार बढी भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्ने रु.

| IPC | मूल्य समायोजनका लागि रकम | प्रयोग भएको फ्याक्टर | भुक्तानी भएको मूल्य समायोजन | हुनुपर्ने मूल्य समायोजन फ्याक्टर | मूल्य समायोजन रु. |
|---|---|---|---|---|---|
| १ | ५१०५४०८ | १ | ३४०५३० | १ | ३४०८०७ |
| २ | ५५२९९७१ | १ | ३३५११६ | १ | ३६८८४९ |
| ३ | २४१४९२२ | १ | १९१९८६ | १ | १८९५७१ |
| ४ | ८१२५०५७ | १ | ६६७०६७ | १ | ६४१८७९ |
| ५ | १५६२९७६ | १ | १७१९२७ | १ | १५७५४८ |
| ६ | ६५५०००० | १ | ७२०५०० | १ | ६६०२४० |
| ७ | ८४०६०१७ | १ | ९४२३१४ | १ | ९४२३१४ |
| | | | ३३६९४४० | जम्मा | ३३०१२०८ |
| | | | | फरक | ६८२३२ |
| | | | | मू अ कर समेत | ७७१०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,१०२ |

७६.४ **विमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । सम्झौताको शर्त SCC 19.1 अनुसार निर्माण व्यवसायीले सम्झौताको शुरु अवधि देखि नै विमा गर्नुपर्ने प्रावधान रहेकोमा निर्माण व्यवसायी पिके।भाग्यलक्ष्मी जेभीले सम्झौता अवधि २०७८।११।२३ देखि २०८०।३।२० अर्थात १६ महिनाको विमा गर्नुपर्नेमा १० महिना पछि २०७९।९।२० मा मात्र विमा गरेको छ । नियमानुसार सम्झौताको अवधिको विमा गरी मात्र भुक्तानी गर्नुपर्दछ ।

७६.५ **कार्यसम्पादन जमानत -** निर्माणव्यवसायीले सम्झौताको शर्त SCC 58.1 बमोजिम शुरु सम्झौता अनुसार रु.१४४२४५००।०० कार्यसम्पादन जमानत राखेकोमा भेरिएसन पश्चातको लागत अनुमान र सम्झौता अनुसार रु.१६७७३९१२।०० राख्नुपर्ने भएकोले रु.२३४९९१२।०० को कार्य सम्पादन जमानत रकम थप गर्नुपर्ने औंल्याएकोमा सोको म्याद थप गरी पेश भएको छ ।

७६.६ सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु.५० हजार रोक्का राख्नुपर्ने प्रावधान रहेकोमा एज विल्ट नक्सा पेश नभएकोले रोक्का राख्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

७६.७ **पोल सार्ने कार्य -** निर्माण व्यवसायी पिके।भाग्यलक्ष्मी जेभीसंग निर्माण कार्यको सम्झौतामा Relocation Of Pole का लागि विल अफ क्वान्टिटीमा रु.५०००००।०० व्यवस्थापन गरेकोमा सोही रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । उक्त कार्यको लागि प्रति पोल सार्न लाग्ने लागत अनुमान तयार गरी भुक्तानी दिनुपर्नेमा सो वेगर २५ पोल सारेको भुक्तानी गरेको नियम अनुसार नदेखिएकोले यस सम्बन्धमा लागत एकिन गरी बढी रकम असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७६.८ **बोनस भुक्तानी -** पालिकाले निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२६ तथा सम्झौताको शर्त GCC 56.1 बमोजिम ठेक्काको कार्यसम्पन्न गर्न तोकिएको म्याद २०७८।११।२३ भन्दा ४१ दिन अगाडि २०८०।२।१४ मा कार्यसम्पन्न गरेको निर्णय गरी भ्याट बाहेक सम्झौता रकम रु.३५९७५९६५।०० को ०.०५ प्रतिशतका दरले रु.७३७५०७।२८ बोनस हिसाब गरी सोमा पुरस्कार वापतको २५ प्रतिशत कर रु.१८४३७७।०० कट्टी गरी रु.५५३१३०।०० भुक्तानी गरेको छ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्यको कार्यसम्पन्न पेश गर्नुपर्ने उल्लेख रहेकोमा निर्माण व्यवसायीले अन्तिम नापी बमोजिम कार्य स्वीकार प्रतिवेदन पेश गरे तापनि डिफेक्ट लायबिलटी पिरियड पश्चातको कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरेको छैन । उक्त निर्माण कार्यको कार्य स्वीकार गरेतापनि त्रुटी सच्चाउने अवधिमा निर्माण कार्यमा भएका त्रुटीको outstanding list तयार नगरेको तथा सो बमोजिम सच्चाउनुपर्ने कार्यको अभिलेख समेत तयार गरेको देखिएन । यसरी outstanding list तयार नगरेको, त्रुटी सम्बन्धि अभिलेख नराखी कार्य स्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु अगावै बोनस भुक्तानी गरेको उपयुक्त देखिएन ।

७६.९ **ट्याक कोट** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । यसरी उक्त कार्यमा विटुमीन प्रयोगको गुणस्तर परिक्षण समेत नगरेकोले सोही परिमाणको स्प्रे रेट अनुसार विटुमीन खपत भएको आधारसमेत नदेखिएकोले पालिकाले २२६२६.८८ वर्ग मीटरका लागि बढीमा ०.६ प्रति लिटरका दरले ट्याक कोटको लागत अनुमान र मूल्यांकन गरी १३५७५ लिटरको भुक्तानी दिनुपर्नेमा ०.७ प्रति लिटरका दरले स्प्रे दर राखी १५८३८ लिटरको भुक्तानी गरी प्रति लिटर मूअकरसमेत रु.११३ का दरले २२६२ लिटरको रु.२५५६०६।०० थप व्ययभार पारेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,५५,६०६ |

७७ **तटबन्ध निर्माण -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

७७.१ **ठेक्का NCB-12/79-80** - पालिकालाई प्रदेश विशेष तर्फ सिमलखुटी दोलैखोला पक्कीपुल देखि पश्चिम तटबन्ध निर्माणका लागि रु.१ करोड १० लाख बजेट विनियोजन भएकोमा पालिकाले सो मध्ये तटबन्ध निर्माण कार्यका लागि ठेक्काबाट रु.७७४०४४७ खर्च गरी कार्य सम्पन्न गरेको छ । सोको अतिरिक्त पालिकाले कोटेशनबाट

तटबन्ध निर्माणका लागि र अन्य कन्टिन्जेन्सी समेत खर्च गरेको छ ।

७७.२ **बचत रकमबाट थप कार्य -** प्रदेश विशेष अनुदान संचालन कार्यविधि २०७८ रअर्थ तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको प.सं.२०७९।८० च.नं.४३९ मिति २०७९।८।१६ को परिपत्रमा प्रदेश विशेष अनुदान आयोजनाको बचत रकमबाट पुन: खर्च गर्न नमिल्ने तथा प्रदेश सरकारबाट हस्तान्तरित आयोजनाको बचत रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । उक्त परिपत्र अनुसार प्रदेश सरकारबाट दिईएको अनुदान उक्त आयोजना तथा कार्यक्रममा बोलपत्र घटाघट भई प्रस्तावित लागत अनुमान भन्दा कम रकममा सम्झौता भई आयोजना तथा कार्यक्रममा बचत रकमबाट पुन:ठेक्का सम्झौता वा उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने व्यवस्था रहेको उल्लेख छ । प्रदेश विशेष अनुदान सिमलखुटी दोलैखोला पक्कीपुल देखि पश्चिम तटबन्ध निर्माणठेक्काबाट लागत अनुमान रु.११२४९८९४।३८ को तुलना २९.४१ प्रतिशत घटी भई रु.७७८३३८५।०० मा सम्झौता भएकोमा रु.७७४०४४७।०० मात्र खर्च भई बचत रहेको रकमबाट पुन: सोही तटबन्धमा निर्माणका लागि देहाय अनुसार कोटेशन मार्फत निर्माण कार्यलाई टुक्रा गरी रु.१७१४१९५।०० सोझै खरिद गरी थप कार्य गराई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| भुक्तानी पाउनेको नाम , ठेगाना | ठेक्का । कार्यको नाम | लागत अनुमान | घटी | सम्झौता रकम | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|---|
| भद्राक्षी निर्माण सेवा | River traing works of Dolai khola at Downstram Side(CH276-291) | ७६६७३६ | ०.९१ | ७५९७८३ | ७५५६५९ |
| कालिमाई निर्माण सेवा | Dolai khola River traing works(CH291-327) | ९७२३९० | ०.९४ | ९६३२८२ | ९५८५३६ |
| जम्मा | | | | | १७१४१९५ |

| | |
|---|---|
| अनियमित भएको | १७,१४,१९५ |

७७.३ **कन्टिन्जेन्सी -** प्रदेश विशेष अनुदान तर्फ विनियोजन भएको बजेटबाट बढीमा ३ प्रतिशत सम्म कन्टिन्जेन्सी खर्च गर्न पाउनेमा यस योजनाका लागि विनियोजन भएको रु.११००००००।०० बाट रु.३३००००।०० सम्म खर्च गर्न पाउने पालिकाले सो भन्दा बढी रु.५७३३७५।०० खर्च गरेको देखिन्छ जुन खर्च गर्न पाउने रकम भन्दा रु.२४३३७५।०० बढी देखिन्छ । यसरी खर्च तोकिएको भन्दा बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत देखिएन । यस सम्बन्धमा पालिकाले अन्य योजनाबाट घटी कन्टिन्जेन्सी खर्च भएको जनाएतापनि कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख राखी सिमा भित्र रहि मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

७८ **पिपरी खोला पुल -** ठेक्का नं. NCB-28/78-79 पिपरी खोला पुल निर्माण कार्यका लागि रु.३३४२५३६९।५६ को लागत अनुमान तयार गरी २०८०।६।२५ मा कार्यसम्पन्न हुने गरी रु.३२९३३३१३।७६ मा २०७९।३।२० मा निर्माण व्यवसायी केशव शाह कन्स्ट्रकसनसंग सम्झौता भएकोमा २०८० असारसम्म रु.२००८०४५१।५८ (६०.९७ प्रतिशत) को कार्य गरी भुक्तानी लिएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

७८.१ **म्याद थप तथा प्रगति -** निर्माण व्यवसायीको कार्य सम्पन्न गर्ने म्याद २०८०।६।२५ रहेकोमा उक्त कार्य सम्पन्न भएको देखिदैन । म्याद समाप्त भएकोमा निर्माण व्यवसायी सम्पर्कविहिन रहेको पालिकाले जनाएकोमा पालिकाले २०८०।९।२६ को कार्यपालिकाले निर्माण व्यवसायीले अधिक वर्षा र पानीको बहाव बढी भएकोले निर्धारित समयमा कार्य सम्पन्न हुन नसकेको जनाई २०८१।१।३० सम्म म्याद थप गरेको निर्णय पेश गरेको छ । पालिकाले उचित तथा पुष्ट्याई हुने कारण एकिन गरी मात्र म्याद थप गर्नुपर्दछ । पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम नियमानुसार समय मै कार्यसम्पन्न गराउनुपर्दछ ।

**पेश्की कट्टी -** सम्झौताको दफा ५७.३ मा निर्माण कार्य मूल्यांकन भुक्तानी ३० प्रतिशत नाघेको विल देखि लागू हुने गरी प्रत्येक रनिंग विलबाट ४० प्रतिशतका दरले उक्त विलबाट पेश्की कट्टी गर्नुपर्ने देहाय अनुसारका विलबाट सम्झौता अनुसार घटि पेश्की काटेको छ । सम्झौता अनुसार पेश्की कट्टी गर्दा उक्त पेश्की फर्छ्यौट नगरेकोले रु.२८ लाख पेश्की बाँकी रहेको पाईयो । सम्झौता अनुसार उक्त पेश्की सिघ्र फर्छ्यौट हुनुपर्दछ ।

७८.२ **प्रोभिजनल समको विल -**सम्झौता अनुसार विल अफ क्वान्टिटीमा भएको प्रोभिजनल सम आईटमको भुक्तानीमा पेश भएको विल बमोजिम भुक्तानी हुनुपर्नेमा निर्माण व्यवसायी केशव शाह कन्स्ट्रकसनलाई दोश्रो रनिंग विलमा Personal Protective Equipments & First Aid Facilities प्रोभिजनल सम बापत रु.१०००००।०० भुक्तानी भएकोमा सोको विल पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

७८.३ **विमा -** सम्झौताको शर्त SCC 19.1 अनुसार निर्माण व्यवसायीले सम्झौताको शुरु अवधि देखि नै विमा गर्नुपर्ने प्रावधान रहेकोङ्गा निर्माण व्यवसायी केशव शाह कन्स्ट्रकनले सम्झौता अवधि भन्दा ५ महिना घटि अवधिको विमा गरेको देखिएकोले विमा भुक्तानी रु.१७३४२६।५० बाट एकिन गरी आगामी भुक्तानीमा कट्टी गर्नुपर्दछ ।

७९ **कृषि संकलन केन्द्र तथा कृषि एम्बुलेन्स संचालन तथा ब्यवस्थापन (साझेदारीमा) रासी गापा -** यस रासी गाउँपालिकाले कृषि उपज संङ्कलन केन्द्र तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन एवं संचालन कार्यविधि २०७९ कार्यपालिकाबाट २०७९।१।१२ मा स्वीकृत गराई प्रथम संशोधन २०८०।५।२४ मा गरेको पेश भएको छ ।पालिकाले कृषि संकलन केन्द्र स्थापना गर्नका लागि भौ नं ४४०।०७९।११।१५ बाट रु.८५५६७९ खर्च गरेकोमा कृषि एम्बुलेन्स संचालनमा नआएको र कार्यविधि अनुसार कार्यान्वयन नभएकोले पूर्ण रुपमा संचालनमा आउन सकेको छैन ।त्यसैगरी पालिकाले कृषक छनौट गर्नका लागि २ पटक सूचना आवहान गरी कृषकबाट १९ प्रस्ताव आएकोमा मापदण्ड नपुगेकोले कृषक छनौट नभएको जनाएको छ।कार्यविधि अनुसार कृषक तथा कृषि सहकारी संस्था छनौट हुनुपर्नेमा छनौट नगरेकोले उद्धेश्य बमोजिमको उपलब्धि प्राप्त हुन सकेको छैन ।उपर्युक्त छनौट कार्य नभएको, कार्यविधि अनुसारका अन्य कार्य समेत नभएकोमा पालिकाले यस वर्ष प्रदेश सरकारको बजेट रु.१५ लाख र अन्य कार्यक्रमको समेत बजेट खर्च गरी समृद्धि ईन्टरप्राईजेजबाट रु.२३३००००।०० मा Mahindra Bolero Camper Sc XL FB 200D खरिद गरेकोमा उक्त कृषि एम्बुलेन्स कार्यविधि अनुसार पूर्ण रुपमा संचालनमा आउन सकेको छैन ।उक्त एम्बुलेन्स कृषि संकलन केन्द्र तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन एवं संचालन कार्यविधि अनुसार कृषक तथा सहकारी छनौट गरी पूर्ण रुपमा प्रयोगमा ल्याउनुपर्दछ ।

८० **१५ शैय्याको अस्पताल भवन निर्माण -** ठे.नं. ११-०७८।०७९, गाउँपालिकाले १५ शैय्याको अस्पताल भवन

निर्माणका लागी रु.१९७८७५८१३।०० को लागत अनुमान तयार गरी रु.१९४२८२६३७।०० मा निर्माण व्यवसायी श्री विकोई/नवश्रजनशिल/स्लेट जेभीसँग २०८०।१२।११सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१२।११ मा संझौता गरेको देखिनछ । निर्माण व्यवसायीलाई २०७८।७९ मा मोबिलाइजेशन पेश्की वापत रु.३४००२४८२।०० पेश्की भुक्तानी भएकोमा २०७९।८० मा रु.९१४९७६५ र २०८०।८१ मा बाँकी समेत गरी पेश्की फर्छ्यौट भएको पालिकाले जनाएको छ । निर्माण कार्य वापत २०८० असारसम्म आठौं रनिंग विल सम्म रु.१४३२५७१६८।०० (७३.७३ प्रतिशत प्रगति) भुक्तानी भएको छ भने मूल्य समायोजन वापत छैठौं विलसम्म मूअकर समेत रु.१८७८३७२४।०० भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्।

---

८०.१ **मूल्य समायोजन बढी भुक्तानी असुल र विलमा कट्टी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(१) मा सम्झौतामा उल्लेख गरेर मात्र मूल्य समायोजन गर्नसकिने उल्लेख छ । मुल्य समायोजन भुक्तानी दिदाँ सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी), बेस ईन्डेक्स र करेन्ट ईन्डेक्सको आधारमा दिनुपर्ने हुन्छ । पालिकाले निर्माण व्यवसायीसंग सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्दा पेश भएको रनिंग विल अनुसारको समयको बेस इन्डेक्स गलतर केहीमा करेन्ट ईन्डेक्ससमेत गलत राखि मूल्य समायोजन गणना गरी भुक्तानी दिंदा छैंठौं विलसम्मको मूल्यसमायोजन रु६१२०५७५।०० (मूअकर समेत रु.६९१६२५०।०० ) दिनुपर्नेमा रु.१६६२८५८३।०० (मूअकर समेत १८७९०२९८।०० ) दिएकोले मूल्य समायोजन रु.१०५०८००७।०० (मूअकर समेत रु.११८७४०४८।५० ) बढी भुक्तानी देखिएको छ ।

लेखापरीक्षणका क्रममा बढी भुक्तानी भएको उक्त मूल्य समायोजन रकम रु.११८७४०४८।५० पालिकाले २०८०।८१ मा १२औं विलसम्मको मूल्य समायोजन गणना गरी सातौं देखि १२औं विलसम्मको मूल्यसमायोजन देहाय अनुसार मूअकर समेत रु.५९८९०८७।०० भुक्तानी नदिई अद्यावधिक गरेको तथा १२औं रनिंग विलबाट मूअकर समेत रु.५८७८३८५।०० कट्टी गरी बढी भुक्तानी भएको मूअकर समेत रु.११८६७४७३।०० कट्टी गरेको छ ।

| | Base Date | Labour ($L_0$ ) | Material ($M_0$ ) | Equipment ($E_0$ ) |
|---|---|---|---|---|
| हुनुपर्ने बेस ईन्डेक्स | Nov/Dec, 2021 | 526.89 | 125.35 | 122.79 |
| प्रयोग गरेको बेस ईन्डेक्स | | 500.97 | 105.03 | 112.75 |

---

८०.२ **बढी मूल्य समायोजन भुक्तानी असुल गरेको (विलबाट कट्टी) -** निर्माण व्यवसायीलाई २०७९।८० माIPC 1 to 6 सम्म मूल्य समायोजन वापत भएको बढी भुक्तानी रकम रु.१०५०२१८८ (मूअकर समेत रु.११८६७४७३।००) देखिएकोमा पालिकाले उक्त बढी रकम मध्ये २०८०।८१ मा IPC 7 देखि 12 सम्मको पाउनुपर्ने रु.५३०००७७ (मूअकर समेत रु.५९८९०८७) मूल्य समायोजन गणना गरी भुक्तानी नदिई अद्यावधिक मूल्य समायोजन सिट तयार गरेको तथा बाँकी रु.५२०२१११ (मूअकर समेत रु.५८७८३८५) १२औं रनिंग विलबाट कट्टी गरी कुल बढी भुक्तानी रु.१०५०२१८८ (मूअकर समेत रु.११८६७४७३) कट्टी गरेको छ । उक्त रकम रु.११८६७४७३।०० लेखापरीक्षणको क्रममा असुलीमा समावेश गरिएको छ ।

*नोटः लेखापरीक्षणको क्रममा २०८०।८१ मा भुक्तानी भएको रनिंग विलहरुको परिक्षण गरिएको छैन । मूल्य*

*समायोजनको अद्यावधिक सिट तथा १२औं रनिंग विलमा कर विजकबाट कट्टीलाई आधार लिईएको छ ।*

| बढी मूल्यसमायोजन भुक्तानी तालिका | | | | |
|---|---|---|---|---|
| **IPC No** | **Net Amount For Price Adjustment (M)** | **Price Adjustment Factor Pn** | **CPA Amount NRs.** | **CPA मूअकरसमेत** |
| २०७९।८० | | | | |
| 1 | 14879910.1 | 1.066 | 982074 | |
| 2 | 7374667.2 | 1.066 | 486728 | |
| 3 | 12117364.04 | 1.079 | 957272 | |
| 4 | 6653552.13 | 1.086 | 572205 | |
| 5 | 10797596.86 | 1.082 | 885403 | |
| 6 | 22368933.15 | 1.1 | 2236893 | |
| पाउनुपर्ने मूल्य समायोजनमूअकर बाहेक (IPC 1 to 6) | | | 6120576 | 6916250 |
| भुक्तानी भएको मूल्य समायोजन मूअकर बाहेक ( IPC 1 to 6) | | | 16622764 | 18783723 |
| बढी भुक्तानी मूअकर बाहेक ( IPC 1 to 6) | | | 10502188 | 11867473 |

| २०८०।८१ मा पाउनुपर्ने मूल्य समायोजन भुक्तानी नगरेको तथा विलबाट कट्टी समेत | | |
|---|---|---|
| **कट्टी विवरण** | **CPA Amount NRs.** | **CPA मूअकर समेत** |
| आर्थिक वर्ष २०८०।८१ मा १२औं रनिंग विल ( कर विजक ०४।०८०।९।२५ बाट) को १००२९४१४।६७ बाट रु.५२०२१११।८४ कट्टी गरी मूअकर बाहेक रु.४८२७३०२।८३ (मूअकर समेत रु.५४५४८५२।२०) मात्र भौचर नं ५५।०८०।९।२६ बाट भुक्तानी भएको | 5202111 | 5878385 |
| IPC 7 देखि IPC 12 सम्म भुक्तानी नगरी कट्टी गरेको | 5300077 | 5989087 |
| जम्मा मूल्य समायोजन कट्टी २०८०।८१ मा | 10502188 | 11867473 |

| २०८०।८१ मा IPC 7 देखि 12 सम्मको पाउनुपर्ने मूल्य समायोजन भुक्तानी नगरेको | | | | |
|---|---|---|---|---|
| **IPC No** | **Net Amount For Price Adjustment (M)** | **Price Adjustment Factor Pn** | **CPA Amount NRs.** | **CPA मूअकर समेत** |
| 7 | 9,992,251 | 1.112 | 1119132 | |
| 8 | 16,253,569 | 1.1 | 1625357 | |
| 9 | 3,221,750 | 1.094 | 302844 | |
| 10 | 10,830,887 | 1.092 | 996442 | |
| 11 | 3,194,818 | 1.095 | 303508 | |
| 12 | 10029414.67 | 1.095 | 952794 | |

| | | | |
|---|---|---|---|
| IPC 7 देखि 12 सम्म | भुक्तानी नहुने | 5300077 | 5989087 |
| १ देखि ६ सम्मको | भुक्तानी भएको | 6120576 | 6916250 |
| १-१२ सम्मको | कुल पाउने मूल्य समायोजन | 11420653 | 12905338 |

८०.३ **कन्टिन्जेन्सी खर्च -** एकिकृत स्वास्थ्य पूर्वाधार संघ बजेट तथा कार्यक्रम तर्फ नियमानुसार ४ प्रतिशत सम्म कन्टिन्जेन्सी खर्च गर्न पाउनेमा यस योजनाका लागि विनियोजन भएको रु.१२८४९१०००।०० मध्ये निर्माण तर्फ ठेक्काको भुक्तानी अर्थात निर्माण खर्च रु.११०४५०१३८।०० भएकोमा पालिकाले भौ नं २५।०८०।३।२२ बाट एकमुष्ट रु.१४७१४८४।०० कन्टिन्जेन्सी खर्च लेखेको छ । सोमध्ये रु.११४९५०।०० भ्रमण भत्ता, रु.४८५९००।०० परामर्श खर्च, मर्मतमा रु.६६६१६३।०० र ईन्धनमा रु.२०३४००।०० खर्च गरेको देखिन्छ । पालिकाले कार्यविधि बनाई नियमानुसार कन्टिन्जेन्सी खर्च गर्नुका साथै उक्त नियन्त्रण समेत गर्नुपर्दछ ।

८०.४ **विमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । सम्झौताको शर्त SCC 19.1 अनुसार निर्माण व्यवसायीले सम्झौताको शुरु अवधि देखि नै विमा गर्नुपर्ने प्रावधान रहेकोङ्मा निर्माण व्यवसायी विकोई/नवश्रजनशिल/स्लेट जेभीले सम्झौता अवधि २०७८।१२।११ देखि २०८०।१२।११ सम्मको विमा गर्नुपर्नेमा ४ महिना पछि २०७९।३।२८ मा मात्र विमा गरेको देखिएकोले विमा भुक्तानी सम्बन्धमा एकिन गरी दामाशाही अनुसार असुल गर्नुपर्दछ ।

८०.५ **ईलेक्ट्रिकल कार्य सम्बन्धि परामर्शदाता नियुक्ती -** पालिकाले १५ शैया अस्पतालका लागि पालिकामा ईलेक्ट्रिकल ईन्जिनियर नभएकोले २०७९।१०।१० मा रु.४९९१४३।०० को लागत अनुमान बनाई सार्वजनिक खरिद नियमावलीको नियम ८५ बमोजिम सोझै खरिद प्रक्रियाबाट ईम्याजिनेसन एण्ड क्रिएसन प्रा लिसंग रु.४८५९००।०० मा २०७९ फाल्गुन १ देखि २०८० असारसम्म ५ महिनाका लागि लमसममा सम्झौता गरी भुक्तानी गरेको छ ।

८१ **वडा नं ४ भवनको एजविल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख रहेको छ । सम्झौताको दफा ७१.२ अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न पश्चात एजविल्ट नक्सा पेश गर्नुपर्ने र नगरेमा रु.५० हजार रोक्का राख्नुपर्ने प्रावधान रहेको छ । ठेक्का नं ०१।०७८-७९ वडा नं ४ कार्यालय भवन निर्माणका निर्माण व्यवसायी पुथा।हिमाल जेभीलाई कार्यसम्पन्न वापत भुक्तानी दिएकोमा सम्झौता अनुसार एज विल्ट नक्सा पेश नगरेकोले रोक्का राख्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

८२ **विमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण

सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले अधिकांश निर्माण योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको र सम्झौताको शर्त SCC 19.1 अनुसार विमाको प्रावधान राखेकोमा अधिकांश निर्माण कार्यका निर्माण व्यवसायीले बिमा गराएको छैन । खरिद सम्झौताको शर्तमा अनुसार निर्माण कार्यको बिमा गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

८३ **गुणस्तर परिक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि ल्याब अधिकांश योजनामा ल्याब टेस्ट गरेको देखिएन ।पालिकाले केही योजनाका मात्र क्यूब टेस्ट र कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट गरेको छ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

८४ **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने रसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका रअन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।त्यसैगरी बाह्रो संशोधन नियम १२०क अनुसार उचित कारण, सोको पुष्ट्याई, संशोधित कार्यतालिका, कुनै किसिमको आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित २१ दिन भित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी म्याद थप गर्न सकिने उल्लेख ।साथै कार्यालयले म्याद थपको फाईल तथा कागजात व्यवस्थित रुपले नराखेकोले तथा केही ठेक्काको म्याद थप भएको जनाएतापनि लेखापरीक्षणको क्रममा कागजात तथा फाईल पेश गर्न नसकेकोले यससम्बन्धमा यकिन हुन सकिएन । पालिकाले सार्वजनिक खरिद नियमावली तथा सम्झौता अनुसार उचित कारण भए मात्र म्याद थप गर्नुपर्दछ । सम्झौताको शर्त र खरिद नियमावली अनुसार तोकिएको समयमै कार्य सम्पन्न गराउनुपर्दछ ।

८५ **पूर्व निर्धारित क्षतिपूर्ती -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।नियमावली तथा सम्झौताको शर्त विपरित प्रमाण कागजात तथा उचित कारण नखुलाई एकमुष्ट म्याद थप गरि पूर्वनिर्धारित क्षति पूर्ति नलगाई म्याद थप गरेको नियम सम्मत देखिएन । पालिकाले खरिद

कानुन बमोजिम तथा सम्झौताको शर्त पालना गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाई म्याद थप गर्नुपर्दछ ।

८६ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८७ **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

८८ **एजविल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख रहेको छ । आयोजनाबाट भएका अधिकांस सम्झौतामा एजविल्ट पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी राख्नु पर्दछ ।

८९ **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन। कार्यालयले यो वर्ष कन्टिन्जेन्सी तर्फ गरेकोव खर्चको विवरण तथा अभिलेख राखेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्।

- प्रत्येक योजनाबाट ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण प्राप्त भएको भन्न नसकिने भएकोले यकिन हुन सकिएन ।
- अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च लेखेको स्रेस्ता समेत छुट्याउन सकिएन ।

- पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक अनुसार राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो भन्न अवस्था छैन ।
- पालिकाले विभिन्न बजेट शिर्षकमा कन्टिन्जेन्सी खर्च गर्दा अभिलेख नराखेकोले तोकिएको भन्दा बढी समेत हुन सक्ने देखिन्छ ।
- कन्टिन्जेन्सी खर्च विवरण नराखी अव्यवस्थित रुपले खर्च गरेकोमा कार्यालयले बजेट प्रतिफल प्राप्त नहुने किसिमले खर्च गरेकोमा खर्च गर्ने सम्बन्धित नै जिम्मेवार हुनुपर्दछ ।
- चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

९० **प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम -** पालिकाले अन्तरसरकारी बजेट तर्फ यो वर्ष भालुवाङ प्रादेशिक अस्पताल सुदृढिकरणका लागि रु.९२ लाख र महामारी रोग नियन्त्रण कार्यक्रमका लागि रु.१० लाख बजेट प्राप्त गरी लालमटिया स्वास्थ्य चौकीमा प्रिफ्याब भवन विस्तार तथा सामाग्री खरिदका लागि देहाय अनुसार खर्च गरेको छ ।

| व्यवसायी | निर्माण कार्य | लई | सम्झौता | सम्पन्न |
|---|---|---|---|---|
| आर एम एस ईन्टरनेशनल | १०० केभीए जेनेरेटर<br>NCB-16/79-80 | २६६९६२५ | १८७०१५० | १७७४१०० |
| न्यू अम्बे निर्माण सेवा | प्रिफ्याब विल्डिंग निर्माण<br>SQ-1/79.80 | १९९७६७७ | १९८६०३६ | १९७७५२० |
| चिरन कन्स्ट्रकसन | प्रिफ्याब विल्डिंग विस्तार कोटेशन | ९७०९५३ | ९६६३९८ | ९६३७४४ |
| सन्तोषी निर्माण सेवा | खानेपानी स्यानेटरी र विद्युतीकरण कार्य कोटेशन | ९६०२४२ | ९५६९११ | ९५००९८ |
| युनाईटेड साईन्टिफिक सर्जिकल हाउस पार्टस | डिजिटल एक्सरे मेशिन खरिद | | २९७९८१० | २९७९८१० |

सार्वजनिक खरिद नियमावली २०६४ अनुसार उपरोक्त कार्यहरु एउटै प्याकेज तयार गरी कार्य गराउनुपर्नेमा ठेक्का र सिलबन्दी दरभाउपत्रका साथै कोटेशन मार्फत सोझै खरिद कार्य समेत गरेको उचित देखिएन । पालिकाले अन्तरसरकारी बजेटका अतिरिक्त पालिका तर्फको बजेटबाट समेत लालमटिया स्वास्थ्य चौकीको कार्यहरु गरेको देखिन्छ । पालिकालेयस सम्बन्धमा अस्पताल व्यवस्थापन आक्समिक र आवश्यकता अनुसार गर्नुपर्ने तथा बजेट समयमा प्राप्त नभएकोले समेत यसरी निर्माण कार्य गराउनुपरेको जनाएको छ । पालिकाले नियमावलीको पालना गरी निर्माण तथा खरिद कार्यहरुको खरिद योजना अनुसार एउटै प्याकेजिंग बनाई प्रतिस्पर्धात्मक रुपमा निर्माण तथा खरिद कार्य गराउनुपर्दछ ।

९१ **मागमा आधारित आक्समिक कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बजेट

अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

पालिकाले आर्थिक वर्षमा २०७९।८० मा मागमा आधारित कार्यक्रम तर्फ एकमुष्ट रु.५० लाख विनियोजन गरी रु.४४८६९२३ खर्च गरेको छ । उक्त कार्यक्रममा कोटेशन तथा उपभोक्ता समिति मार्फत भएका कार्यका लागि पालिकाले सूचना प्रकासन गरेको देखिएन । पालिकाले उक्त बजेटलाई कार्यपालिकाबाट समेत योजनागत रुपमा स्वीकृत नगराई प्रशासकिय निर्णयको आधारमा देहाय अनुसार खर्च गरेको छ । कार्यक्रम स्वीकृति वेगर गरेको खर्च अनुमोदन हुनुपर्दछ ।

| मिति | भौ. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विवरण | डेबिट |
|---|---|---|---|---|
| १२/२७/२०७९ | १०५ | आचार्य इन्टरप्राइजेज | शशस्त्र प्रहरीको भान्सा निर्माणका लागि भएको खर्च | १५०००० |
| ०१/०५/२०८० | १२० | शिवशिखर संस्था देखि पूर्व हाईवे जाने वाटो नाली नर्माण | उपभोक्ता बील भसक्तानी - | १९२०३१ |
| ०१/०५/२०८० | १२४ | टकपुरान घर देखि पुर्व अधुरो नाला उ.स. | टकपुरान घर देखि पुर्व अधुरो नाला उ.स.भुक्तानी - | १९२८२३ |
| ०१/१७/२०८० | १४४ | जि.सि. निर्माण सेवा प्रा.लि. | मागमा आधारित भुक्तानी - | ४८५०० |
| ०२/०३/२०८० | १७३ | ग्लोवल सर्जिकल कन्सर्न प्रा.लि. नेपाल मल्टि इन्जिनियरिङ्ग ट्रेडिङ्ग कन्सर्न | जेनेरेटर जडान खरदका लाग विज्ञ पारिश्रमिक र पालिकाको जेनेरेटरको चेन्जओभर जडान - | ४०००० |
| ०२/११/२०८० | १८५ | भगवानपुर कुलोमा कल्भर्ट नि उ स | उपभकव्ता बील भगवानपुर कुलोमा कल्भर्ट - | ४६१४५७ |
| ०२/१६/२०८० | १९४ | लालमटिया बृहत खानेपानी उपभोक्ता तथा सरसफाई समिति | लालमटिया बृहत खानेपानी उपभोक्ता तथा सरसफाई समितिभुक्तानी - | १९४००० |
| २०८०/०२/३२ | २४० | मुक्तकमैया बस्तिमा भवन निर्माण उ.स. | भवन निर्माण उ.स. भुक्तानी - | ४७७१२८ |
| ०३/०७/२०८० | २६२ | मिलनचोकमा कल्भट उस | मिलनचोकमा कल्भट भुक्तानी - | ९७०००० |
| ०३/१३/२०८० | २६८ | लडुवा टोलको दक्षिण भुलिया जाने वाटो मर्मत उस | वाटो मर्मत उस भुक्तानी - | २००००० |
| ०३/१८/२०८० | २८८ | राज निर्माण सेवा | कोटेशन बील भुतानी - | ९६३१५८ |
| ०३/२४/२०८० | ३२८ | हुलाक फेयरीखाोला नाला निर्माण उ स | फेयरी खोला नाला - | ५९७८२६ |
| | | जम्मा | | ४४८६९२३ |

९२ **भाषा तथा संस्कृति कार्यक्रम -** पालिकाले संघीय अन्तरसरकारी बजेट तर्फ भाषा तथा संस्कृति कार्यक्रम तर्फ पूजिगत बजेट रु.७५ लाख विनियोजन भई रु.६९४५९००।०० खर्च गरेको छ । भाषा तथा संस्कृति कार्यक्रम तर्फ देहाय अनुसारका स्वीकृत योजनामा खर्च गरेकोमा ५ वटा उपभोक्ता समितिसंग कार्य गराएकोमा सोमध्ये दुई उपभोक्ता समितिको कार्यमा सो स्थानमा ब्यायामशाला सामाग्री खरिद गरी जडान गरेको छ ।

पालकाले शिव सवार धाम भौतिक पूर्वाधार निर्माणका लागि ब्यायामशाला सामाग्री खरिद भद्रकाली सप्लायर्सबाट रु.५७०६५०।०० र खौराहावा धार्मिक तथा पर्यटकीय स्थल निर्माण कालापानीका लागि ब्यायामशाला सामाग्री खरिद पावर प्रडक्सन हाउसबाट रु.८३६२००।०० मा खरिद गरेको छ । यसरी उक्त दुई सोझै खरिद कार्यलाई सार्वजनिक खरिद नियमावली २०६४ अनुसार एउटै प्याकेज तयार गरी कार्य गराउनुपर्नेमा वर्षान्तमा कोटेशन मार्फत सोझै खरिद कार्य समेत गरेको उचित देखिएन । पालिकाले अन्तिम त्रैमासिकमा उपभोक्ता समितिसंग सम्झौता भई कार्य गर्नुपर्ने भएकोले कोटेशन मार्फत खरिद कार्य गर्नुपरेको जनाएको छ । पालिकाले नियमावलीको पालना गरी निर्माण तथा खरिद कार्यहरुको खरिद योजना अनुसार एउटै प्याकेजिंग बनाई प्रतिस्पर्धात्मक रुपमा निर्माण तथा खरिद कार्य गराउनुपर्दछ ।

| निर्माण कार्य | विवरण | लई। सम्झौता | सम्पन्न रु. |
|---|---|---|---|
| शिव सवार धाम भौतिक पूर्वाधार निर्माण | समिति | ५३६८०३ | ५३७३६४ |
| | ब्यायामशाला सामाग्री खरिद भद्रकाली सप्लायर्स | ६०४५५० | ५७०६५० |
| देसि मस्जिद भौतिक पूर्वाधार निर्माण | उपभोक्ता समिति | ५००००० | ४८५००० |
| श्रीनगर धार्मिक तथा पर्यटकीय क्षेत्र विकास | उपभोक्ता समिति | | २२८३८५२ |
| खौराहावा धार्मिक तथा पर्यटकीय स्थल निर्माण कालापानी | ब्यायामशाला सामाग्री खरिद | ८५८८०० | ८३६२०० |
| | पावर प्रडक्सन हाउस | | |
| | उपभोक्ता समिति | १८७१८०९ | १८७१८५२ |
| हर्षेडाँडा पर्यटकीय क्षेत्र विकास | उपभोक्ता समिति | १४१५८९४ | १३८४१७२ |

९३ **रित पूर्वकको कर बिजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्ध करमा दर्ता भएको व्यक्ति/फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक उपलब्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार निर्माण व्यवसायीहरुलाई बिल वापत मू अ कर समेत भुक्तानी गरेकोमा मू अ कर बिलमा बिजक नम्बर केरमेट गरी पेश गरेकोले सो बिजकबाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु.

| गो भौ नं मिति | कार्य | निर्माण व्यवसायी | प्यान नं | विजक नं/ मिति | ननफाइलर मिति ( देखी) | विल रकम | मूअकर |
|---|---|---|---|---|---|---|---|
| ७।०७९।१२।५ | मौरिघाट मण्डली भवन फर्निचर निर्माण योजना | पुष्पाञ्जली अलुमुनियम एण्ड स्टिल सप्लायर्स | ६०८१६७७६३ | २८६।०७९।१०।२९ | विजक नं ३४४ लाई २८६ बनाएको | १२५२१५ | १४४०५ |

***(प्रारम्भिक प्रतिवेदन उपर आकर्ष निर्माण सेवाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२६६७४२।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४०५ |

९४ **उपभोक्ता समिति मार्फत कार्य -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्।

९४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग रु ९ करोड ४८ लाखको १९० योजनाहरुमा सम्झौता गरिएकोमा यो वर्ष जम्मा ७ करोड ६२ लाख भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

९४.२ **भुक्तानीको सिफारिस -** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

९४.३ **जनसहभागिता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था

नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ ।

९४.४ **कामको नापजाच -** कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारीतथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**अनुगमन समिति -** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**म्यादथप -** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

९५ **आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त सफ्टकपी विवरण अनुसार उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु.२ करोड ३९ लाखका ८२ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति

मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९६ **सार्वजनिक परिक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

९७ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको देखिदैन ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९८ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,सिचाई लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

९९ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट

भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | योजना | कार्यसम्पन्न रु. | निर्माण व्यवसयी | बिल रकम रु. |
|---|---|---|---|---|
| ११६।२०७९।१२।२८ | जाबुने देखि चन्दोली सम्मको बाटो स्तरोन्नती | ७९६५५७ | रानी थुम्की कन्स्ट्रक्सन प्रा.लि. | ६८५७५३ |
| ११५।२०७९।१२।२८ | वडा कार्यालय कालाखोला जावुनो बाटो मर्मत उस | १२५३६०२ | रानी थुम्की कन्स्ट्रक्सन प्रा.लि. | ११२९२६८ |
| २४५।२०८०।३।३ | भद्राक्षीदेवी प्रा.वि. फिल्ड निर्माण | ३४०६४६ | जीता कन्स्ट्रक्सन प्रा.लि | २९९६०८ |
| २४६।२०८०।३।३ | मुस्लिम टोल जाने बाटो मर्मत | २२६७५२ | जीता कन्स्ट्रक्सन प्रा.लि | १९३७३८ |
| | जम्मा | | | २३०८३६७ |

| अनियमित भएको | २३,०८,३६७ |
|---|---|

१०० **तराई मधेश समृद्धि कार्यक्रम -** तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकत्तम सत्तरी प्रतिशत र स्थानीय तहको हकमा न्यूनत्तम तीस प्रतिशत लागत सहभागिता रहने व्यवस्था छ । यस पालिकाबाट देहाय अनुसारका तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजनामा पालिकाको तर्फबाट लागत सहभागिता नगरी कार्यक्रमको बजेटबाट शत प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले देसी मस्जिद भालुवाङमा भवन तथा शौचालय निर्माण कार्यका लागि रु.२९३१५८४।०० को सम्झौता गरी रु.२९३२५८८।०० को कार्य गराई रु.२४२५०००।०० भुक्तानी गरेकोमा निर्देशिका तथा सम्झौता अनुसार ३० लागत सहभागिता वेगर आयोजना सञ्चालन गरेको नमिल्ने देखिएकोले देहाय अनुसारका योजनाको ३० प्रतिशतका दरले हुने रु.७२७५००।०० योगदान नभएको रु.

| प्रमाण पेश नगरेको | ७,२७,५०० |
|---|---|

१०१ **विपद व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

१०१.१ **कानूनी व्यस्थाको पालना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने,

विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ

१०१.२ **विपद् कोषबाट खर्च** - प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत प्रक्रियालाई व्यवस्थित गर्न पालिकाले विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तर्जुमा गरी विपद व्यवस्थापन कोषबाट यस वर्ष देहायबमोजिम रु.२९९४९७३ खर्च गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| खर्च शीर्षक | राहत प्राप्त गर्ने | खर्च रु. | कै |
|---|---|---|---|
| राहत बितरण | १४८ जना विपद् प्रभावितलाई | ८५५००० | |
| बाटो मर्मत तथा नदि नियन्त्रण | वटा योजनाहरुमा | ८७३०२७ | |
| राहत खाद्यान्न ढुवानी, खाना खाजा मेसिन भाडा , | बाढी कार्यमा खटिने जनशक्ति | ११६७०६ | |
| घर निर्माण | उमेश घर्ति | १८२५२५ | |
| ह्युमपाइप खरिद | - | ३८९७८० | |
| त्रिपाल खरिद | - | २३४४७५ | ४० थान मौज्दात रहेको |
| जालि खरिद | - | ३४३४६० | १०० थान मौज्दात रहेको |
| जम्मा | | २९९४९७३ | |

(क) पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरेको पाईएन । कार्यापालिकाको मिति २०७९।७।३ को निर्णयानुसार बाढी तथा पहिरोबाट प्रभावित परिवारको स्थानान्तरण तथा पुननिर्माण सम्बन्धमा पुर्णरुपमा क्षति भएका परिवारको हकमा रु.५०००० र घर क्षति भई बस्न नमिल्ने भएको परिवारको हकमा १०००० राहत रकम प्रदान गर्ने निर्णय गरेको छ । पालिकाले विपद् प्रभावित एकिन गरेर राहत तथा सामाग्री उपलब्ध गराउनु पर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन वा होइनन् एकिन हुन सकेन। तसर्थ पालिकाले वास्तविक विपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ।

(ख) पालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले त्रिपाल खरिद वापत रु. २३४४७५ र जालि खरिद वापत रु. ३४३४६० खर्च गरेकोमा ४० थान

त्रिपाल रु.४१५० का दरले रु.१८७५०० र १०० थान जालि रु.३४३४६० गरी जम्मा रु.५३०९६० बरारबरको जिन्सी सामग्री पालिकामै मौज्दात रहेको वितरण गर्नुपर्दछ ।

१०२ **नक्सा पास नभएको -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस पालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ।

१०३ **जनता प्रा वि करांङ्गेकोट भवन निर्माण -** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत जनता प्रा वि करांङ्गेकोटका लागि रु.४५ लाख बजेट व्यवस्थापन भएकोमा विद्यालयसंग रु.४७७६७४५।०० को सम्झौता गरी रु.४६११९०२।०० को कार्यसम्पन्न गरी रु.४४०००००।०० भुक्तानी गरेकोमा देखिएका व्यहोरा देहाय अनसार रहेका छन्

**बहाल कर -** आयकर ऐन २०५८ अनुसार बहाल कर १० प्रतिशतले कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा जनता प्रा वि करांङ्गेकोट भवन निर्माणका लागि कार्यसम्पन्न वापतको विल भुक्तानी गर्दा रु.१८००००।०० को विभिन्न सामाग्रीहरु ढुवानी गरेको भरपाई संलग्न गरेकोमा १० प्रतिशतले कट्टी भएको रु.१८०००।०० दाखिला हुनुपर्ने रु.

**सिमेन्ट घटी परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराखे र आफैंले समेत कम रेखदेख गरी निर्मण गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ र तर पालिकाले देहायको निर्माणमा विद्यालयलाई भवन निर्माणका लागि भुक्तानी गरेकोमा नापी मूल्यांकन परिमाण अनुसार ८१६ बोरा सिमेन्ट खरिद हुनुपर्नेमा ५१० बोरा सिमेन्ट मात्र खरिद गरी विल तथा खर्च विवरण पेश गरेकोले समितलेले न्यून परिमाणमा सिमेन्ट खरिद ल्याएको बिल पेश गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले ३१६ बोरा सिमेन्टको मूअकर सहित रु.६७८।०० प्रति बोराका दरले रु.२१४२४८।०० असुल गर्नुपर्ने रु.

**ईटाको भ्याट -** निर्माण कार्यका लागि नापी मूल्यांकन अनुसार ५३.७६ घन मीटर ईटा लगाउने कार्य भएको र उक्त नापी मूल्यांकन परिमाण अनुसार २६८८० ईटाको रु.१३.६०का दरले रु.३६५५६८।०० र सोको मूअकर रु.४७५२३।०० भुक्तानी भएकोमा समितिबाट रु.४००४०।०० मूअकर सहितको रु.३४८०४०।०० को भ्याट विल पेश भएकोले बढी भुक्तानी भएको मूअकर रु.७५२३।०० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,७७१ |

१०४ **मूल्य अभिवृद्धि कर बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार रित पुगे नपुगेको तथा विल भरपाई चेकजाँच गरी मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिलाई निर्माण कार्यमा ईटाको मूअकर समेत भुक्तानी गरेकोमा देहाय अनुसार प्यान विल तथा घटी रकमको भ्याट विल पेश गरेकोले असुल हुनुपर्ने रु.

| भौ नं | उपभोक्ता समिति | कार्यसम्पन्न | कुल भुक्तानी | विल रकम | मूअकर असुल | |
|---|---|---|---|---|---|---|
| ३९।०८०।१।२८ | छोट्की सिसनिहा शिव मन्दिर | ८५५९५१ | ७०७६५१ | १२२९४५ | १५९८३ | निर्माण सामाग्रीहरुको प्यान विल मात्र रहेको |
| ४९।०८०।२।१७ | लालमटिया खा.पा योजना देउखुरी राप्ती गा.पा - २ दाङ | | | ४६२७५ | ६०१६ | निर्माण सामाग्रीहरुको प्यान विल मात्र रहेको |
| २४०।०८०।२।२३ | मुक्तकमैया बस्तिमा भवन निर्माण उ.स. | ईटाको भुक्तानी | ६९०८८ | प्यान विल | ८९८१ | ईटाको मूअकर |
| २९१।०८०।३।२० | जश्री ज्ञानोदय मा बि अधुरो भवन निर्माण | २४००० ईटाको भुक्तानी | ३६८६४० | | ९१३० | रु.४२४१० को भ्याट विल हुनुपर्नेमा रु.३३२८० को मात्र विल पेश |
| | | | | | ४०११० | |
| | | | | | असुल गर्नुपर्ने | ४०,११० |

१०५ **नन् फाइलर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.३१४४१४।- सम्परीक्षण गरिएको ।)*

१०६ **ईटाको परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता मार्फत हुने निर्माण कार्यमा ब्रिक मेशिनरीको कार्यमा प्रति घन मीटर ५०० ईटा प्रयोग हुने दर विश्लेषण गरी मूअकर समेत रु.१५.३७ प्रति ईटा दररेट राखेकोमा सोही अनुसार हुने परिमाण अनुसारको ईटाको प्रयोग हुनुपर्नेमा सो भन्दा भन्दा न्यून परिमाणमा ईटाको खरिद गरेको बिल पेश गरेको अवस्थामा समेत बढी ईटा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ नं | उपभोक्ता समिति | परिमाण | नापी अनुसार हुनुपर्ने विल | भएको विल | फरक | मूअकर सहित दर | रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १०४।०८०।३।२२ | पहरुवा स्थित सवारीधाम उ स | १०.७५ | ५३७५ | ५००० | ३७५ | १५.३७ | ५७६३ |
| २७२।०८०।३।१७ | मसुरिया क्लिनिक भवनमा शौचालय | ८.७५ | ४३७५ | ३००० | १३७५ | १५.३७ | २११३१ |
| ५४।०८०।३।२३ | करङ्गे गाउँधर क्लिनिक भवन निर्माण | ३५.४ | १७७०० | ८००० | ९७०० | १५.३७ | १४९०६९ |
| १४७।२०८०।१।२५ | भद्राक्षी देवी प्रावि अधुरो भवन निर्माण | | ११६३० | १०००० | १६३० | १५.३७ | २५०५३ |
| | | | | | | | २२०१४९ |

*(प्रारम्भिक प्रतिवेदन उपर श्री ज्ञानोदय मा बि अधुरो भवन निर्माणको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७*

*को निर्णयबाट रु.१९१३३।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०१,०१६ |

१०७ **बहाल कर -** पालिकाले भौ नं ३०८।०८०।३।२२ बाट ३ नं वडाका आवश्यक रोड उपभोक्ता समितिलाई कार्यसम्पन्न गरेवापत रु.९१७६५९।०० भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको भुक्तानी गर्दा ढुवानी वापतको रु.४५१२५०।०० भरपाई राखी भुक्तानी गरेको छ । उक्त भुक्तानीमा १० प्रतिशतका दरले रु.४५१२५।०० बहाल कर कट्टी गरी दाखिला नगरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,१२५ |

१०८ **उपभोक्ताबाट कार्यालय तथा विद्यालय भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने रहेकोमा पालिकाको देहाय अनुसारको वडा कार्यालय निर्माणको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिएकोले पालिकाले खरिद विधि छनौट गर्दा नियमावलीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

१०९ **बढी भुक्तानी -**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर ज्ञानोदय माध्यमिक विद्यालयको असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२०००० ।- सम्परीक्षण गरिएको ।)*

११० **गैर सरकारी संस्था मार्फत कार्यक्रम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको छ । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको तथा ऐन विपरित भुक्तानी दिएको नियमित नदेखिएको रु.

| गो. भौ . नं . र मिति | कार्यक्रम | भुक्तानी पाउनेको नाम | खर्च रु. |
|---|---|---|---|
| १९६।२०८०।३।७ | लघु उद्यम सम्बन्धि तालिम | तारा टेक्निकल इन्स्टिचयुड रिसर्च सेन्टर प्रा.लि | ३९८८९० |
| २६४।२०८०।३।२३ | लघु उद्यम सम्बन्धि तालिम | समृद्ध नेपाल | ८४९०९३ |
| जम्मा | | | १२४४९८३ |

| | |
|---|---|
| अनियमित भएको | १२,४४,९८३ |

१११ **बढी भुक्तानी —**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर पवित्रा अटो मोवईल्सको असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२६५० ।- सम्परीक्षण गरिएको ।)*

११२ **ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तर्फ -** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

११२.१ **ठेक्का व्यवस्थापन -** ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २कमा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २ख बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४क बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४ख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्धी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार उपरोक्त व्यवस्था बमोजिम उत्ख्रन्न कार्य व्यवस्थित गर्नुपर्नेमा पटके प्रवेश आदेश नलिएको, दैनिक उत्खन्न अभिलेख तथा दैनिक पटके विक्री तथा ढुवानी अभिलेख नराखेको, घाट गद्धी व्यवस्थापन नगरेको र अनुगमन समेत नभएकोमा ढुंगा गिट्टी उत्खन्न कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था छैन ।उपरोक्त व्यवस्थाहरुको पालना नगरी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन । यस सम्बन्धमा पालिकाले जिम्मेवारी लिई व्यवस्थापन तथा नियन्त्रणमा ध्यान दिनु पर्दछ । पालिकाबाट नदीजन्य पदार्थ उत्खन्नको अभिलेख नभएकोमा देहाय अनुसारको रकम जम्मा भएको विवरण पेश भएको छ ।

| सि नं | राशी नदीt/ घाट/ठेक्का नं | सूचना | IEE/उतखन्न गर्न सकिने/ठेक्का परिमाण | ठेक्का न्यूनत्तम अंक रु. | कबोल रकम रु | मूअकर दाखिला | दाखिला रकम रु | असुल हुन बाँकी रकम | निर्माण व्यवसायी | विड सेक्युरिटी जफत रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कटाहा- ०८/७९.८० | १ पटक | १८३७८ | ५१९२१५२ | ५३१३००० | ६९०६९० | ५००००० | ४८१३००० | कालीमाई निर्माण सेवा | विड सेक्युरिटी जफत गरी विभाज्य कोष दाखिला |
| २ | खुरुरिया - ०९/७९ | १ पटक | ११८२६ | ३३४१०८१ | ३५००००० | ० | सम्झौता गर्न नआएको | बिड सेक्युरिटी जफत | अनन्त कन्स्ट्रकसन | १७५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | .८० | | | | | | | | | |
| ३ | तिनसिमाना-०७/ ७९.८० | १ पटक | १५१२० | ४२७१६६२ | ६५७०२०१ | ० | सम्झौता गर्न नआएको | बिड सेक्युरिटी जफत | कालीमाई निर्माण सेवा | ४२०००० |
| ४ | बसन्तापुर - १०/ ७९.८० | ३ पटक | ३०६१८ | ६४८७६४८ | ठेक्का नलागेको | ० | ठेक्का नलागेको | ठेक्का नलागेको | ठेक्का नलागेको | ० |
| ५ | बगरापुर-११/७९ .८० | १ पटक | ५१९७.५ | १४६८३९७ | १६००००० | ० | सम्झौता गर्न नआएको | बिड सेक्युरिटी जफत | अनन्त कन्स्ट्रकसन | ८०००० |
| | | | ८११४० | २०७६०९४० | १६९८३२०१ | | | | | ६७५००० |
| | अमानत | | | | | | ८९८८८० | | | |

- पालिकाले पेश गरेको विवरण अनुसार रासी नदीका ५ घाटका लागि IEE अनुसार ८११४० घन मीटर उत्खन्न गर्न सकिने र सोही अनुसार ठेक्का व्यवस्थापन गर्नुपर्नेमा ५ ठेक्का मध्ये बसन्तापुर घाटमा ३ पटक सूचना गर्दा समेत ठेक्का नलागेको र अन्य ४ घाटमा ठेक्का व्यवस्थापन भएकोमा सोमध्ये कटाहाघाट NCB-08/79.80 का कबोलकर्ता कालीमाईनिर्माण सेवा मात्र सम्झौता गर्न आएको विवरण पेश भएको छ ।
- पेश भएको विवरण अनुसार ३ घाटका निर्माण व्यवसायी सम्झौता गर्न नआएकोमा पालिकाले विड सेक्युरिटी वापत रु.६७५०००।०० जफत तथा असुल गरी दाखिला गरेको विवरण पेश भएको छ ।
- पालिकाले ठेक्का सम्झौताको शर्त तथा सार्वजनिक खरिद ऐन २०६३ र खरिद नियमावली २०६४ अनुसार उक्त बोलपत्रदाताहरुलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नपर्नेमा गरेको देखिएन । पालिकाले सम्झौता गर्न नआएका निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गर्नुपर्नेमा सोही निर्माण व्यवसायीसंग अर्को सम्झौता गरेको देखिन्छ । बोलपत्र कबोल गरी ठेक्का गर्न नआएका निर्माण व्यवसायीलाई सम्झौता तथा खरिद कानुन अनुसार कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्दछ ।

---

११२.२ **कटाहाघाट NCB-08/79.80 ठेक्का रकम नबुझाएको -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल र प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.४८१३०००।- सम्परीक्षण गरिएको ।)*


---

११२.३ **कटाहाघाट NCB-07/79.80** को उत्खन्न अभिलेख पेश भएको उपरोक्त विवरण अनुसार निर्माण व्यवसायी कालीमाई निर्माण सेवासंग २०७९।११।२२ मा २०७९ फाल्गुन २३ देखि २०८० जेष्ठ मसान्त सम्म १८३७१ घन मीटर (६४८६८० घन फुट) उत्खन्न तथा आय संकलन गर्न मूअकर बाहेक रु.५३१३०००।०० (मध्ये २०८० असार मसान्त सम्म मान्य अवधि हुने रु.२६६००००।०० को बैंक ग्यारेन्टी र रु.२६५३०००।०० नगद) बुझाउने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सो अवधिमा उत्खन्न गरेकोमा सम्झौता अनुसार ठेक्का रकम

बुझाएको छैन । ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार उपरोक्त व्यवस्था बमोजिम उत्खन्न कार्य व्यवस्थित गर्नुपर्नेमा पटके प्रवेश आदेश नलिएको, दैनिक उत्खन्न अभिलेख तथा दैनिक पटके विक्री तथा ढुवानी अभिलेख नराखेको, घाट गद्धी व्यवस्थापन नगरेको र अनुगमन समेत नभएकोमा ढुंगा गिट्टी उत्खन्न कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था छैन ।उपरोक्त व्यवस्थाहरुको पालना नगरी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन । यस सम्बन्धमा पालिकाले जिम्मेवारी लिई व्यवस्थापन तथा नियन्त्रणमा ध्यान दिनु पर्दछ ।

११२.४ **तिनसिमाना घाट NCB-07/79.80 सम्झौता वेगर राजश्व संकलन -** पालिकाबाट प्राप्त विवरण अनुसार तिनसिमाना घाट NCB-07/79.80 का बोलपत्र कबोलकर्ता कालीमाई निर्माण सेवा सम्झौता गर्न नआएकोमा विड सेक्यूरिटी वापत रु.४२००००।०० जफत गरी दाखिला गरेको विवरण पेश गरेको छ ।

बोलपत्र कबोलकर्ता निर्माण व्यवसायी कालीमाई निर्माण सेवाले सम्झौता गरेको ठेक्का नं ८।०७९-८० कटाहाघाट तथा सम्झौता गर्न नआएको ठेक्का नं ७।०७९-८० तिनसिमाना घाटको समेत देहाय अनुसार रसिद जारी गरी ढुंगा गिट्टी वापतको रकम उपभोक्ता समितिसंग राजश्व संकलन गरेको पाईयो । यसरी सम्झौता गर्न नआएकोमा निर्माण व्यवसायीले अवैध रुपमा रसिद जारी गरी ढुंगा गिट्टी रकम असुल गरेको सम्बन्धमा पालिकाले जानकारी नभएको जनाएको र यस सम्बन्धमा अनुसन्धान गर्ने जनाएको छ । पालिकाले यसरी अवैध उत्खन्न गर्ने कार्यलाई प्रभावकारी अनुगमन गरी नियन्त्रण गर्नुपर्दछ । साथै सम्झौता वेगर तथा स्वीकृति र आदेश वेगर रसिद जारी गर्ने निर्माण व्यवसायीलाई खरिद कानुन तथा नदीजन्य पदार्थ उत्खन्न सम्बन्धि कानुन बमोजिम संकलित रकम नियमानुसार जरिवाना सहित असुल गर्नुपर्ने तथा कारवाही गर्नुपर्दछ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।



११२.५ **अमानतबाट ढुंगा गिट्टी विक्रीको राजश्व -** पालिकाले सूचना गर्दा समेत ठेक्का नलागेपछि पालिका तथा वडाबाट नगदी रसिद प्रयोग गरी अमानतमा ढुंगा गिट्टी विक्री गरी देहाय अनुसार रु.८९८८८०।०० राजश्व संकलन गरेको विवरण पेश गरेको छ । पालिकाले गत विगतमा के कति रसिद छपाई गरेको र सोमध्ये के कति परिमाणमा बाँकी रही जिम्मेवारी सारेको सम्बन्धमा विवरण पेश भएन । पालिकाले रसिद नियन्त्रण खाता प्रयोग गरी रसिद सम्बन्धि विवरण अद्यावधिक राख्नुपर्नेमा रसिद नियन्त्रण खाता राखेको पाईएन । रसिद सम्बन्धि अद्यावधिक अभिलेख, अनुमति तथा सिफारिस विवरण प्राप्त नभएकोले सोही परिमाणमा नदीजन्य पदार्थ उत्खन्न भएको तथा राजश्व संकलन भएको सम्बन्धमा अद्यावधिक अभिलेख नभएकोले यस सम्बन्धमा एकिन हुने अवस्था

छैन । पालिकाले रसिद सम्बन्धि अभिलेख तथा अमानतबाट विक्री गरेको परिमाणको अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ । कुल ५ वटा घाट मध्ये ४ घाटमा सम्झौता नभएकोमा सोको तुलनामा अमानतबाट उठेको राजश्व घटी देखिन्छ । प्राप्त विवरण अनुसार पालिकाले १००१- १०५० बाट २३००-२३५० सम्मको २७ थान ठेली प्रयोग भई रु.८९८८८०।०० संकलन भई विभाज्य कोषमा दाखिला गरेको विवरण पेश भएको छ ।

| २०७९।८० अमानतबाट प्रयोग भएको रसिद तथा संकलित राजश्व सम्बन्धि पेश भएको विवरण | | | | |
|---|---|---|---|---|
| | **रसिद प्रयोग** | **रसिद नम्बर** | **संकलित राजश्व** | **दाखिला रु** |
| रसिद | २७ ठेली | १००१- १०५० बाट २३०० - २३५० सम्म | ८९८८८० | ८९८८८० |

११२.६ **अमानतबाट ढुंगा गिट्टी विक्रीबाट उठाएको राजश्वको मूल्य अभिवृद्धि कर-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.११६८५५।- सम्परीक्षण गरिएको ।)*

११२.७ **स्टक जफतको परिमाण -** पालिकाले नदि किनारमा अवैध रुपमा संकलन गरेका नदीजन्य पदार्थहरु अनुगमनका क्रममा जफत गर्ने गरेको छ । विभिन्न समयमा पालिकाले नदीजन्य पदार्थको स्टक जफत गरेकोमा सोको विवरण पेश नगरेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । स्टक जफतको अभिलेख राखी सो वापतको राजश्व दाखिला हुनुपर्दछ ।

११२.८ **रोयल्टी कट्टीबाट प्राप्त रकम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले आर्थिक बर्ष आ.व.०७९।०८० को नदीजन्य पदार्थ तर्फ विभिन्न योजनामा ढुंगा गिट्टीको विल पेश नगरेको वापत रु.१२०८४००।०० कट्टी गरेको विवरण पेश भएको छ । उक्त रकम रु.१२०८४००।०० विभाज्य कोषमा जम्मा नगरी पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको विवरण पेश भएकोले उक्त रकम मध्ये नियमानुसार ४० प्रतिशत रकम रु.४८३३६०।०० प्रदेश संचित कोषमा पठाउनुपर्नेमा पठाएको देखिएन । पालकिाले नियमानुसार बाँडफाड गर्नुपर्दछ ।

११३ **सिँचाई कुलोको आन्तरिक आय -**

११३.१ प्रगन्ना सिँचाई योजनाले कृषकको माग अनुसार कुलो बनाउने योजना रहेको सम्बन्धमा पालिकालाई पत्र लेखेको र उक्त कार्यको लागि पालिकाले ४०४१५०।०४ घन फुट (११४५५.५० घन मीटरको ३५.२८ घन फुटले) को लागत अनुमान तयार गरी २०८०।१।२१ मा ठेक्का व्यवस्थापन गर्ने निर्णय गरेको देखिन्छ । नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा ३० दिने सूचना प्रकासन गर्नुपर्नेमा पालिकाले २०८०।१।२९ मा २०८०।२।४ सम्म ७ दिनको मात्र सूचना आवहान गरेको र खरिद नियमावली अनुसार ठेक्का व्यवस्थापन नगरेको नियम अनुसार देखिएन । पालिकाले उक्त ठेक्काका लागि ३ फर्मबाट प्रस्ताव प्राप्त गरेकोमा सो मध्ये रु.३२०००००।०० कबोल गर्ने अनन्त कन्स्ट्रकसनसंग ४० प्रतिशत नगद शुरुमै बुझाउने र बाँकी ६० प्रतिशत २०८० जेष्ठ मसान्त भित्र बुझाउने गरी सम्झौता गरेको उल्लेख छ । कबोलकर्ता अनन्त कन्स्ट्रकसनले सम्झौता अनुसार रु.३२ लाख मध्ये जनगुणासोका कारण उत्खन्न गर्न नसकेकोले घाटगद्धी अनुसारको परिमाणको रु.२२ लाख बुझाएको विवरण पालिकाबाट पेश भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार

रहेका छन्:

- प्रगन्ना सिँचाई योजनाको पत्र अनुसार पालिकाले २०८०।१।२९ मा ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरी सूचना गरेको, २०८०।२।४ मा ३ प्रस्तावदाताको मूल्यांकन गरी २०८०।२।५ मा सबै भन्दा बढी कबोल गर्ने अनन्त कन्स्ट्रसनसंग रु.३२ लाखमा सम्झौता गरेको र २०८०।२।८ मा कार्यदिश दिई २०८०।२।१२ मा अनुमति दिएको देखिन्छ ।साथै पालिकाले उत्खन्नका लागि ३ मेशिन प्रयोग गर्न सम्झौता अनुसार अनुमति दिएकोमा खन्ने प्रगति न्यून भएको र वर्षात भएमा उत्खन्न गर्न नसकिने जनाई २०८०।२।१७ मा थप ३ मेशिन प्रयोग गर्न पुन: अनुमति दिएको देखिन्छ ।कुलो च्यानालाईज तथा उत्खन्न अनुमति दिए पश्चात कुलो खन्ने क्रममा पालिकाले घटी अवधिको सूचना निकालेको, निर्माण व्यवसायीले हेभी मेसिनहरु प्रयोग गरी दैनिक ५० भन्दा बढी १२ चक्के टिपर द्धारा नदीजन्य पदार्थ उत्खन्न गरी हिनामिना गरेको तथा उत्खन्न गर्दा मापदण्ड पालना नगरेको सम्बन्धमा विरोध तथा दबाब पछि २०८०।२।१९ मा कुलो खन्ने कार्य बन्द गरेको देखिन्छ । मिति २०८०।२।२५ मा किसानले कुलो खन्न पाउनुपर्छ भनि डेलिगेसन आएकोले सचेत युवा समूह र किसान बिच सहमति वार्ता भई २०८०।२।२५ मा कुलो खन्ने कार्य पुन:सूचारु गरेको देखिन्छ । तत्पश्चात उपाध्यक्षको संयोजक्तवमा पालिकाबाट भएको अनुगमनबाट मापदण्ड पालना गरेको उल्लेख गरेतापनि २०८०।२।२८ मा जिल्ला अनुगमन समितिको अनुगमनले अनुगमनबाट कुलो थप खन्न आवश्यक नरहेकोले बन्द गर्न निर्देशन दिएकोले उत्खन्न कार्य पुन: बन्द गरेको देखिन्छ ।
- पालिकाले विभिन्न पटक उत्खन्न कार्य स्थगन भएकोले देहाय अनुसारको मितिमा घाटगद्धी गरे बमोजिम निम्न परिमाणमा मात्र उत्खन्न गरेकोले सोही अनुसार रु.३२ लाख मध्ये रु.२२ लाख मात्र बुझाउन लगाएको निर्णय गरी यस सम्बन्धमा अन्य जानकारी समेत खुलाई जिल्ला प्रशासन कार्यालयलाई २०८०।३।२० मा पत्र समेत पठाएको छ ।
- पालिकाले देहाय अनुसारको मितिमा निम्न परिमाणमा नदीजन्य पदार्थ उत्खन्न गरी लैजान अनुमति दिएको विवरण पेश गरे पनि के कति परिमाणमा वास्तविक रुपमा लगेको सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । पालिकाले ११४५५.५० घन मीटर उत्खन्न गर्न दिने सम्झौता गरेतापनि देहाय अनुसारको परिमाण मात्र उत्खन्न गरी लैजान अनुमति दिएको जनाई रु.२२ लाख रकम असुल गरेको छ ।

| अनुमति मिति | उठाई लैजाने परिमाण घ मी |
|---|---|
| २०८०।२।१२ | ३७१२.८ |
| २०८०।२।२७ | २८८७.५ |
| २०८०।२।२९ | ११७१.८ |
| पालिकाले पेश गरेअनुसार उठाई लैजान अनुमति दिएको कुल परिमाण | ७७७२.१ |

यसरी पालिकाले समयमा प्रभावकारी अनुगमन नगरेको, नियमानुसार ठेक्का व्यवस्थापन नगरेको, मेशिन प्रयोगको अद्यावधिक अभिलेख नराखेको तथा यससम्बन्धमा मापदण्ड पालना गरे नगरेको सम्बन्धमा एकिन हुन सकिएन । यससम्बन्धमा पालिकाका सम्बन्धित व्यक्तिले अनुगमन प्रभावकारी रुपमा गर्ने, नियमानुसार ठेक्का व्यवस्थापन गर्ने तथा नदिजन्य पदार्थ सम्बन्धि कानुनको पालना सम्बन्धमा जिम्मेवारी लिनुपर्दछ । पालिकाले नदीजन्य पदार्थ

सम्बन्धि तोकिएको कानुन बमोजिम स्पष्ट मापदण्ड र कार्यविधि बनाउनुका साथै सम्झौताका शर्तहरु स्पष्ट रुपमा राखि नदीजन्य पदार्थको दोहन नियन्त्रण गरी उत्खन्न कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।

११३.२ **सिँचाई कुलोको नदीजन्य पदार्थ विक्रीको मूल्य अभिवृद्धि कर -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२८६०००।- सम्परीक्षण गरिएको ।)*

११४ **सामाजिक सुरक्षा -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन।

११४.१ सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार यस वर्ष देहायबमोजिमको रकम खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

| बैंक | वडा | बैंक निकासा रु. | लाभग्राहीलाई वितरण रु | बैंक बाकिँ रु | मृत्यु फिर्ता | जम्मा निकासा फिर्ता रु. | कै. |
|---|---|---|---|---|---|---|---|
| श्री सांग्रीला डेभलपमेन्ट बैंक लि. भालुवाङ शाखा | १ | २००७९४१५ | २००४३५२६ | ३५८८९ | १०८७६ | ४६७६५ | |
| श्री साइन रेसुङ्ग डेभलपमेण्ट बैंक लि. लालमटिया शाखा | २ | २०१४२३३४ | २०११८३३४ | २४००० | ० | २४००० | |
| श्री कृर्षी विकास बैंक लि.मौरिघाट शाखा | ३ | २००३०५५५ | २००३००२२ | ५३३ | ३६२२५ | ३६७५८ | वडा नं. ३ को रिर्भस गर्दा दोस्रो त्रैमासिक मा रु.१२००० छुटेको |
| श्री ज्योती विकास बैंक लि.मौरिघाट शाखा | ४ | २२०७७६२० | २२०१६८९२ | ६०७२८ | ७१७२८ | १३२४५६ | |
| श्री नेपाल बैंक लि. सिसहनिया शाखा | ५ | १८००९३५६ | १७९९७३८६ | ११९७० | ६४९८२ | ७६९५२ | |
| श्री कर्णाली डेभलपमेन्ट बैंक लि. सिसहनिया शाखा | ६ | १४४६०७४६ | १४४२०४२६ | ४०३२० | ७९४१२ | ११९७३२ | |
| श्री नेपाल बैंक लि. सिसहनिया शाखा | ७ | १४९३०९९५ | १४८९०४२३ | ४०५७२ | ० | ४०५७२ | |
| श्री एन. आई. सि. एसिया बैंक लि. सिसहनिया शाखा | ८ | २०५६०२७९ | २०५४४१६६ | १६११३ | ० | १६११३ | वडा नं. ८ को रिर्भस गर्दा चौथो त्रैमासिक मा रु.६३८४ छुटेको |
| श्री ज्योती विकास बैंक लि.मौरिघाट शाखा | ९ | ४५०७४१६ | ४४८९५६४ | १७८५२ | २४९३३ | ४२७८५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | १५४७९८७१६ | १५४५५०७३९ | २४७९७७ | २८८१५६ | ५३६१३३ | |

११४.२ **एम.आइ.एस प्रणालिमा प्रतिवेदन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

११४.३ **पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

११४.४ **भत्ता वितरणको अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उक्त कार्य गरेको देखिएन।तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

११४.५ पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु.१५४४४०१३१।०० भएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु.१५४७९८७१६, लाभग्राहीलाई वितरण गरेको रु. १५४५५०७३९ र बैंक निकासा फिर्ता रु.२४७९७७ देखिन्छ। जसअनुसार CGAS र VRSP-MIS System बीच फरक परेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **कटाहाघाट NCB-08/79.80 ठेक्का रकम नबुझाएको -** पेश भएको विवरण अनुसार निर्माण व्यवसायी कालीमाई निर्माण सेवासंग २०७९।११।२२ मा २०७९ फाल्गुन २३ देखि २०८० जेष्ठ मसान्त सम्म १८३७१ घन मीटर (६४८६८० घन फुट) उत्खन्न तथा आय संकलन गर्न मूअकर बाहेक रु.५३१३०००।०० (मध्ये २०८० असार मसान्त सम्म मान्य अवधि हुने रु.२६६००००।०० को बैंक ग्यारेन्टी र रु.२६५३०००।०० नगद) बुझाउने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सो अवधिमा उत्खन्न | २१५३००० |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेकोमा सम्झौता अनुसार ठेक्का रकम बुझाएको छैन । निर्माण व्यवसायीले आर्थिक वर्ष २०८० असारसम्म रु.५ लाख र मूअकर रु.६९६०६९०।०० दाखिला गरेतापनि रु.४८१३०००।०० असुल हुन बाँकी रहेको देखिएकोमा पालिकाले सम्झौता गर्दा नै रु.२६५३०००।०० नगद दाखिला गराउनु पर्नेमा नगराएको र समयमा नै बैंक जमानत रकम रु.२६६००००।०० जफत गरी पालिकाको खातामा दाखिला गर्नुपर्नेमा गरेको देखिएन । पालिकाले बैंकलाई समयमै जफतका लागि पत्राचार गरे तापनि जफत हुन समय लागेको जनाएको छ । उक्त बैंक जमानत वापतको रु.२६६००००।०० पालिकाले २०८०।१२।२ मा बैंकबाट प्राप्त गरी पालिकाको खातामा दाखिला गरेको छ । पालिकाले सम्झौता अनुसार असुल गर्न बाँकी रहेको ठेक्का रकम रु.२१५३०००।०० व्याज।जरिवाना समेत एकिन गरी निर्माण व्यवसायी कालीमाई निर्माण सेवासंग असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२</td><td>पेश्की - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ । पालिकाबाट आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार म्याद ननाघेको पेश्की बाँकी रहेको विवरण पेश भएकोले नियमानुसार पेश्की फर्छ्यौट हुनु पर्दछ ।
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती वा कम्पनीको नाम</th><th>म्याद ननाघेको पेश्की रु</th></tr>
<tr><td>१३।०७९/०९/०३</td><td>पिपरी खोला पुल राप्ती-८ दाङ</td><td>केशव शाह कन्स्ट्रक्सन सेवा (प्रा.) लि.</td><td>४०००००</td></tr>
<tr><td>११३६।०८०।३।२४</td><td>सभा सञ्चालन खर्च</td><td>अधिकृत छैठौं विकास ज्ञवाली</td><td>रु.१०००००.</td></tr>
</table></td><td></td></tr>
</table>

## अनुसूचीहरू

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : रासी गाउँपालिका, दाङ, रासी गाउँपालिका, दाङ**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेव बहादुर वली | २०७९-५-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शोभाराम रिजाल | २०७७-४-१ | २०७९-५-१ |
| लेखा प्रमुख | धन प्रसाद शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,९८१,२१२ | ४२,३८६,८५६ | ४,४८१,९०३ | ० | ० | २,०१०,०५० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५४,८६०,०२१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८,०६१,२७८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | २,१५३,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४८,९५१,७४३ |

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

**स्थानीय तह : रासी गाउँपालिका**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९६७९६३४३.९२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६७२७२५०९५.९७ | **चालु खर्च** | ५६२८६९९३३.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ८२८४४६२४ | **पूँजीगत खर्च** | ३४६८६४२८०.११ |
| **राजश्व बाँडफाँट** | ९७१७५६०६.७१ | **वित्तीय/अन्य व्यवस्था** | २९३१७५७५.५९ |
| **आन्तरिक आय** | ३४७२६९६४.०७ | | |
| **अन्य आय** | १२५५८५०८.४५ | | |
| **कुल आय** | ९०००३०७९९.२ | **कुल खर्च** | ९३९०५१७८९.२१ |
| **बाँकी मौज्दात** | | ५७७७५३५३.९१ | |